# सहिदभूमि गाउँपालिकाको आ.व.०७४/०७५ को

# सामाजिक परीक्षण प्रतिवेदन

## २०७५ कार्तिक
## सहिदभूमि गाउँपालिकाको कार्यालय
## धनकुटा




## प्रस्तुतकर्ता
## एकता मिडिया प्रा.लि.
## सुन्दरहरैँचा,मोरङ

## हाम्रो भन्नु,

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ , प्रदेश र स्थानीय तह बिचको सहकार्यता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गरी जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिस्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न लोकतन्त्रका लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वातवरण सिर्जना गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तह देखि नै सुदृढीकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले, **नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम स्थानिय संचालन ऐन २०७४को परिच्छेद १० को गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणालिको वुँदा नं. ७८ को आन्तरिक नियन्त्रण प्रणालि कार्यान्वयन गर्नु पर्ने शिर्षकको उपदफा (४) को ( ५) बमोजिम सामाजिक परीक्षण विधिलाई ल्याइएको छ।**

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७३ फाल्गुण २७ गतेको स्थानीय तहको घोषणामा साविक छिन्ताङ, खोकु र आँखिसल्ला गा.वि.स हरुलाई समेटेर यस सहिदभूमि गाउँपालिकाको स्थापना भएको हो । स्थानीय नागरीकहरुको गाउँपालिका प्रति भएको सकारात्मक सोच सँगै पूर्वमै सम्भावना बोकेको गाउँपालिका भए बाट सामाजिक जिम्मेवारी निवार्हको पाटोमा समेत यो गाउँपालिका स्थापित हुन पर्ने कुरामा दुई मत नै छैन । सोही सन्दर्भलाई अंगिकार गरी स्थानीयतह सामाजिक परीक्षण कार्यविधि २०६७ र स्थानिय तह संचालन ऐन २०७४ आर्थिक प्रशासन नियमावलि २०६४ को नियम २०१ (१) बमोजिम स्थानीयतहहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पूरा गरी गाउँको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न सामाजिक परीक्षण कार्यविधि तर्जुमा गरेको हो । उक्त व्यवस्था अनुसार स्थानीय तहहरूले प्रत्येक आर्थिक वर्षको (अघिल्लो सालको ) सामाजिक परीक्षण कार्य गरिसक्नु पर्ने व्यवस्था गरिएको छ । स्थानीय तहको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएका प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रकृयालाई मार्गदर्शन गर्नु यस कार्यविधिको उद्देश्य रहेको देखिन्छ ( स्थानीय तह सामाजिक परीक्षण कार्यविधि, २०६७, भूमिका) । यसले स्थानीय तहले सामाजिक परीक्षण अनिवार्य रूपमा गर्नुपर्ने सम्मको व्यवस्था गरेको छ । यसै व्यवस्था अनुरूप सहिदभूमि गाउँपालिकाको आ.व. २०७४/०७५ सामाजिक परीक्षण सम्पन्न गरिएको छ ।

यस संस्थालाई दिइएको जिम्मेवारी पूरा गर्ने क्रममा यस गाउँपालिकाका प्रमुख प्रसाशकिय अधिकृत ,ईन्जिनियर, लेखा प्रमुख,विषयगत शाखाका प्रमुखहरु सामाजिक विकास शाखा प्रमुख, राजश्व प्रशासनका कर्मचारीहरु तथा यहाँका विभिन्न फाँटमा कार्यरत कर्मचारी मित्रहरूको अमूल्य सुझाव, सल्लाह र सहयोग प्राप्त भएको छ । तसर्थ उहाँहरू लाई संस्थाको तर्फबाट हृदयदेखि नै धन्यवाद दिन चाहन्छौ । यस गाउँपालिका क्षेत्रमा निर्वाचित जनप्रतिनिधीहरु, दलका प्रतिनिधी तथा समाजसेवीहरुले दिएको अमुल्य सुझाव र सरसल्लाह प्रति समेत हामी आभारी छौँ । साथै सहिदभूमि गाउँपालिकाको

सामाजिक परिक्षणका लागि खटिनु भएका यस संस्थाका सबै कर्मचारीहरु प्रति समेत हामी आभारी बन्दै आ.व. २०७४/०७५ को सामाजिक परिक्षण प्रतिवेदन सहिदभूमि गाउँपालिकामा प्रस्तुत गर्दछौ ।

**एकता मिडिया प्रा.ली. रेडियो सुसेली**
**मोरङ**

## पुष्ठभूमीः

समृद्ध, आधुनिक, शान्त र न्यायपूर्ण नेपालको निर्माण गर्ने संकल्प सहित सिर्जना गरीएका अनेक नीति, नियम र निर्देशिका सहित संचालित स्थानीय तहहरुलाई स्थानीय तह संचालन ऐन, २०७४ मा व्यवस्था भए अनुसार स्थानीय तहहरुलाई स्थानीय जनताका लागि आवश्यक सेवा सुविधाहरु व्यवस्थित र प्रभावकारी तरिकाबाट स्थानीय स्तरमा नै उपलब्ध गराउन सक्ने अधिकार दिएको छ । नेपाल सरकारले स्थानीय तहलाई दिने वितिय सामानीकरण तथा ससर्त अनुदान सहितको एकमुस्ट बजेट आर्थिक, सामाजिक शैक्षिक ,कृषि, पशु, स्वास्थ्य, का साथै समग्र समूदायको विकासको लागि केन्द्रीत गर्ने कुरामा विशेष जोड दिदै आएको छ । स्थानीय तहमा जाने बजेट त्यहाँ रहेका सम्पूर्ण विषयगत शाखालाई समेटी स्थानीय तहमै संचालन गर्ने र जवाफदेहि बनाउने ठूलो बजेट स्थानीय तहमा प्राप्त भएको छ । यसले स्थानीय तहलाई पूर्ण जिम्मेवार र उत्तरदायी बनाएको छ । जनतासंगको सबै भन्दा नजिकको घरको सरकार भनेकै स्थानीय सरकार हो । जसमा मुलतः गाउँपालिकाका नागरीकहरुको दुख बेदना अनी मर्महरुलाई नजिक बाट नियालेर सोही विषय बस्तु सँग साक्षात्कार भई काम गर्ने भएबाट नागरीकहरुका आसा र अपेक्षा बढि नै हुन्छन् भने यसको दायित्व समेत सोही रुपमा बढ्ने अबश्यम्भावी देखिन्छ । स्थानीय तह तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्न र शुसासन कायम गर्नका लागि नेपाल सरकारले विभिन्न नीतिहरु अवलम्बन गर्दै आएको छ । स्थानीय स्तरमा भए गरेका कामकारवाहीको जनता प्रति सामाजिक उत्तरदायित्व बहन गर्नकालागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये **सामाजिक परीक्षण** वर्षभरि गरिएका आर्थिक सामाजिक क्षेत्रमा गरिएको लगानी बाट कति उपलव्धी भयो र आगामि वर्ष कस्ता कदम चाल्दा विकास प्रभावकारी बनाउन सकिन्छ भन्ने महत्वपूर्ण कसिको रुपमा सामाजिक परीक्षणलाई लिन सकिन्छ । यसरी सामाजिक परीक्षण कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि नेपाल सरकारले स्थानीय तह संचालन ऐनमा सामाजिक परीक्षण गर्नुपर्ने छ भन्ने व्यवस्था गरेको छ कानुन र कार्यविधि निर्माण भई नसकेकोले सामाजिक परीक्षण कार्यविधि, २०६७ र **नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम स्थानिय संचालन ऐन २०७४को परिच्छेद १० को गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणालिको वुँदा नं. ७८ को आन्तरिक नियन्त्रण प्रणालि कार्यान्वयन गर्नु पर्ने शिर्षकको उपदफा (४) को ( ५) बमोजिम सामाजिक परीक्षण विधिलाई** आधार मानि गरिएको छ । सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रस्तुत गरिएको छ । छलफलमा उठेका सवाल र

जवाफलाई समेटी सामाजिक परीक्षकले अन्तिम प्रतिवेदन तयार गरिएको छ । यसलाई स्थानीय तहको योजना तर्जुमाको विभिन्न चरणमा, राजश्व परामर्स समिति, न्यायीक समिति, योजना अनुगमन समिति, र कार्यपालिका र गाउँपरिषदमा समेत पेश गर्न अनुरोध गरिन्छ । यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धी कति हासिल भए सोको विश्लेषणात्मक प्रभाव सम्मको अवस्थाको आँकलन गर्न सामाजिक परीक्षण निकै प्रभावकारी हुन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुशरण नै सामाजिक परिक्षण प्रतिवेदन सामाजिक परिक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनवाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्नमा सहिदभूमि गाउँपालिकालाई ठूलो टेवा पुऱ्याउन मद्दत गर्दछ भन्ने हामीले अपेक्षा गरेका छौ । यसै परिप्रेक्षमा स्थानीय तह संचालन ऐनमा सामाजिक परीक्षण सम्बन्धि व्यवस्था भएको र यस **एकता मिडिया प्रा.ली. रेडियो सुसेली** ले सहिदभूमिगाउँपालिका को आ.व. २०७४/०७५ को सामाजिक परीक्षण सम्पन्न गरी यो प्रतिबेदन पेश गरेको छ।

## १. सामाजिक परीक्षणको उद्देश्यः

सहिदभूमि गाउँपालिकाको कार्यसम्पादन स्तरलाई सुधार गर्न सहयोग पुऱ्याउनु नै यस सामाजिक परीक्षणको प्रमुख उद्देश्य हो । जसबाट गाउँपालिकाले समाजमा पुऱ्याएको योगदान र सम्पादन गरेका कामको मूल्याङ्कन गरिन्छ । उल्लेखित उद्देश्यका अलावा यस गाउँपालिकाको सामाजिक परीक्षण गर्नुका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

- गाउँपालिकाले निर्वाह गरेको सामाजिक जिम्मेवारीको मूल्याङ्कन गर्ने ।
- समुन्नत सहिदभूमि गाउँपालिका निर्माणको सामाजिक फाईदाहरुको समिक्षा गर्ने ।
- गाउँपालिकालाई नागरिक मैत्री बनाउँदै सेवा प्रवाहलाई थप प्रभावकारी, सुलभ र भरपर्दो बनाउन समग्र कार्य सम्पादनमा सुधार ल्याउन सुझाउ दिने ।
- निर्वाचित जनप्रतिनीधी र जनताको विचमा विकास र समृद्धि लाई आत्मासाथ गरी कसरी अगाडि बढ्न सकिन्छ र जनताले सहजरुपमा कसरी सेवा प्राप्त गर्न सक्दछन् भन्ने सुझाव सेवा प्रदायकलाई प्राप्त हुने छ ।

## २. सामाजिक परीक्षणका आधार :

सहिदभूमि गाउँपालिकाको कार्यसम्पादनको अनुगमन, मूल्याङ्कन तथा मापन गर्नको लागि सामाजिक कार्यको प्रभावको लेखाजोखा गर्न गरिएको यो समाजिक परीक्षणको आधार देहाय बमोजिम गरिएको छ ।

- सहिदभूमि गाउँपालिका कार्यालयको संगठन संरचना ।
- सहिदभूमि गाउँपालिकाको नीति रणनीति र आगामी कार्यक्षेत्र र सो को प्रभावकारीता ।
- योजना, कार्यक्रम, वजेट व्यवस्थापन ।
- गाउँपालिकाको कार्यक्षेत्र र सो को अनुगमन, मुल्यांकन ।

- वातावरण संरक्षण र दीगो विकासमा गाउँपालिकाले खेलेको भूमीका ।
- सेवाग्राहीको हित एवम् नागरिक मैत्री सेवा प्रवाहमा गाउँपालिकाको भूमीका ।
- महिला, वालवालिका अपाङ्गता, जेष्ठ नागरिक, एकल महिला, विपन्न एवं पछाडि पारिएका वर्ग, समुदायको हितका लागि गाउँपालिकाले खेलेको भूमीका ।
- शिक्षा, स्वास्थ्य, कृषि, पशु , सहकारी, उद्योग, पर्यटन, कला, संस्कृति संरक्षण र विकासमा गाउँपालिकाले दिएको योगदान ।
- सरकारी एवम् गैह्न सरकारी, निजी क्षेत्र, नागरिक समाजप्रतिको दायित्व निर्वाह ।
- सहिदभूमि गाउँपालिकाको सामाजिक योगदान ।

## ३. सामाजिक परीक्षण प्रक्रियाः

सकेसम्म परिमाणात्मक तथ्याङ्क र आवस्यकता अनुसार थप गुणात्मक तथ्याङ्कको प्रयोग गरी अध्ययन विश्लेषण गरी सामाजिक कार्य सम्पादन स्थितिको मूल्याङ्कनका साथै सामाजिक योगदान बढाउन अँगाल्नु पर्ने उपायहरुको समेत सुझाव उल्लेख गरी प्रतिवेदन तयार गरिएको छ । कलिलै उमेरको गाउँपालिका र भर्खरै निर्वाचीत जनप्रतिनिधिहरुको कार्यअवधि पनि एक वर्ष मात्र भएकोले सारभूत रुपमा गर्नु पर्ने धेरै कामहरु भएको र नागरिकहरुको गाउँपालिका प्रतिको अपेक्षा समेत अत्यधिक बढ्दो रहेको परिस्थितिको संयोजनलाई समायोजन गर्नु पर्ने कुराको चुनौतिका वीचमा सहिदभूमि गाउँपालिकाका मुख्य विषयलाई आधार लिई गाउँपालिकाले सामाजिक दायित्व निर्वाह गर्नु पर्ने विषयमा केन्द्रीत रही सामाजिक परीक्षण प्रकृया अगाढि बढाईएको अबस्था छ । जस अन्तर्गत देहायका प्रक्रियालाई उपयोग गरिएको छ ।

- अन्तरवार्ता ।
- कार्यालय अभिलेख जाँच ।
- जननिर्वाचित हरु संग समूह छलफलको आयोजना ।
- सर्वेक्षण तथा सूचना संकलन ।
- सरोकारवाला मुख्य सूचनादातासँगको अन्तरक्रिया ।
- उपलव्धी, परिणाम र प्रभाव आदि सूचकको आधारमा मूल्याङ्कन ।
- उपभोक्ता समिति र उपभोक्ता संगको छलफल ।

## ४ मस्यौदा प्रतिवेदन प्रस्तुति तथा छलफलको खाका :

(क) कार्यक्षेत्रको परिचय ।
(ख) स्थानीय तहको प्राथमिकता तथा लक्ष्यहरू ।
(ग) गतवर्षका मुख्य मुख्य उपलब्धिहरू ।
(घ) यसवर्षका मुख्य मुख्य उपलब्धिहरू ।

(ङ) सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता ।

(च) सामाजिक जिम्मेवारी बहनमा परेका समस्याहरू ।

(छ) सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू, खुल्ला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया ।

(ज) स्थानीय तहले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव स्थानीय तहले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति ।

(झ) स्थानीय तहले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू ।

## ५. सामाजिक परीक्षण कार्यक्रमको आचार संहिता :

सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्न अनुसारका आचारसंहिता पालना गर्नुपर्दछ :-

- विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने ।
- तथ्याङ्क र सूचनाको आधारमा रही विचार राख्ने ।
- निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने ।
- व्यक्ति वा संस्थाको सामाजिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।
- सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने ।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने ।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने ।

## ६. सामाजिक परीक्षणका सीमाहरु :

सामाजिक परीक्षणको क्रममा स्थानीय तह संचालन ऐनमा मात्र उल्लेख गरिएको र कार्यविधि निर्माण नभएकोले सामाजिक परीक्षणको अन्तरवार्ता तथा छलफल विधि अनुसरण गर्नु पर्ने देखिए पनि यस परीक्षण प्रतिवेदन तयार गर्ने क्रमसम्म आईपुग्दा सम्म तर्कसंगत पेश गरीने आधारहरुका रुपमा आधारित भई कार्यालय अभिलेखको जाँच गरिएको, मुख्य सूचनादाता सँग अन्तरवार्ता लिईएको र लक्षित सरोकारवाला सँगको अन्तरक्रिया समेतलाई समाबेस गरी गाउँपालिका भर्खरै निर्माण भएको र भौगोलिक अवस्थाले सबै जिल्ला स्थित कार्यालयहरु पहुँच गाउँपालिकामा आउदै गरेको र कार्यालय स्थापना भएपनि कतिपय तथ्याङ्कहरुको रेकर्ड नभेटिएको कारणले तुलनात्मक अध्ययन गरी दिशानिर्देश गर्न कठिनाई देखिएको छ । कतिपय डाटाबैंक प्रभावकारी नहुँदाको अबस्थामा यो सामाजिक परीक्षण

आधारभूत अवयवहरुको अध्ययन गर्नु परेको कारणवाट यसमा केही सिमितता रहेको हुन सक्ने कुरालाई स्वीकार गरिएको छ ।

## ७.सामाजिक परीक्षण कार्य सञ्चालन प्रक्रिया :

● सामाजिक परीक्षणको सूचना सहिदभूमि गाउँपालिकाले सामाजिक परीक्षण हुने मिति, समय र स्थान खोली सम्वन्धित सरोकारवालाहरूलाई मौखिक टेलीफोन, पत्राचार मार्फत सूचना दिइएको थियो ।

● सामाजिक परीक्षण भेला कार्यक्रम शुरु गर्नुभन्दा पहिले उपस्थिति पुस्तिका खडा गरिएको छ ।

● कार्यक्रममा उपस्थित भएका समुदायका सदस्यहरूको उपस्थिति अभिलेख गरिएको छ ।

● कार्यक्रमलाई ब्यवस्थित रुपमा सञ्चालन गर्न कार्यक्रम तालिका अग्रिम रुपमा तयार पारि आपसी सहमतिमा सञ्चालन भएको छ ।

● सामाजिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम संचालन विधि, समय र आचार संहिताबारे सहजकर्ताले कार्यक्रमका सहभागीहरूलाई जानकारी गराइएको छ ।

● सहजकर्ताले मस्यौदा विवरण भेलामा प्रस्तुत गरिएको छ मस्यौदा विवरण प्रस्तुत भै सकेपछि सहभागीहरूलाई आफ्नो बिचार राख्ने अवसर दिइयो ।

● सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझावमाथि स्पष्ट पार्न वा जवाफ दिने कर्तव्य भएका पक्षहरुलाई जवाफ दिन लगाइएको थियो ।

● सहभागीहरूबाट प्राप्त भएका प्रतिक्रिया तथा सुझावहरू अभिलेख गरिएको छ ।

## ८. सहिदभूमि गाउँपालिकाको संक्षिप्त विवरण ( अनूसूची २ बमोजिम):

### ८.१ गाउँपालिका परिचय:

### ❖ भौगोलिक परिचय:

प्रदेश नम्बर १ अन्तर्गत पर्ने धनकुटा जिल्लामा रहेका ३ नगरपालिकाका अलावा ४ गाउँपालिकाहरु मध्येको अत्यन्तै सम्भावना बोकेको गाउँपालिका हो सहिदभूमि गाउँपालिका । यो गाउँपालिकाको भौगोलिक अबस्थिति देहाय बमोजिम रहेको छ ।

| | | | |
|---|---|---|---|
| १. | **गाउँपालिकाको स्थापना** | २०७३ साल फाल्गुण २७ स्थानीय तहको घोषणा | |
| २ | **क्षेत्रफल** | ९९.५५ वर्गकिलोमिटर | |
| ३. | **उचाई** | ५०० देखि १५०० मिटर सम्म | |
| ४. | **सिमाना** | पूर्व | धनकुटा नगरपालिका |
| ५. | **हावापानी** | पश्चिम | उदयपुर र भोजपुर जिल्ला |
| | | उत्तर | पाख्रीवास नगरपालिका |
| | | दक्षिण | सागुरीगडि गाउँपालिका |
| | | समसितोष्ण | |
| ६. | **राजनैतिक□प्रशासनिक विभाजन** | संघीय प्रदेश नं. | १ |
| ७. | **कूल जनसंख्या** | विकास क्षेत्र | पूर्वाञ्चल |
| | | अञ्चल | कोशी |
| | | जिल्ला | धनकुटा |
| | | जिल्ला सदरमुकाम | धनकुटा |
| | | निर्वाचन क्षेत्र | धनकुटा १ |
| | | जम्मा वडा संख्या | ७ |
| | | वडा कार्यालय संख्या | ७ |
| | | १८७६० (जनगणना २०६८) | |
| ८ | घरधुरी संख्या | ३८७६ | |

### ८.२ गाउँको नामाकरण:

साविक छिन्ताङ, खोकु, आख्रिसल्ला गा.वि.स.को सयुक्त समन्वयात्मक बैठकबाट नेपाल सरकारलाई गाउँपालिका निर्माणका लागि अनुरोध गर्दा सहिदभूमि गाउँपालिका नामाकरण सहित अनुरोध भए बमोजिम नेपाल सरकारको मिति २०७३□११□२७ गतेको निर्णयमूताविक भएको हो ।

**८.३ गाउँको प्रशासनिक विभाजनः**

गाउँपालिकाको कुल क्षेत्रफल ९९.५५ बर्ग कि.मी. रहेको र यो गाउँपालिका ७ वडामा विभाजन भई केन्द्र खोकु पीप्ले बाट गाउँपालिका कार्यालयको सार्वजनिक सेवा प्रवाह भईरहेको छ ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

**८.४ गाउँका मुख्य नदि, खोला तथा ताल तलैयाहरू सिमाना मूख्य नदिहरूः**

सहिदभूमि गाउँपालिकामा रहेका प्रमुख खोलाहरू मध्ये दक्षिणमा तमोर नदि, उत्तरमा अरूण नदि ,फुडसुवा खोला ,सुके खोला, रहेका छन् ।

## ८.५ धार्मिक तथा पर्यटकिय स्थलहरू :

| क्र.सं. | पर्यटकीय स्थलहरुको नाम | वडा नं. | स्थलको महत्व | दैनिक औसतमा आउने पर्यटकहरुको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | छिन्ताङ जाल्पादेवी मन्दिर देवीथान | ३ | धार्मिक | ३०-५० | |
| २. | पञ्चकन्या शहिदपार्क | ३ | पर्यटकीय | ४०-५० | |
| ३. | पातल डाँडा शहिद पार्क | २ | पर्यटकीय | निर्माणाधीन | |
| ४. | साकेवा थान | ३ | धार्मिक | – | |
| ५. | त्रिवेणी गणेश मन्दिर | १ | पर्यटकीय | ७०-८० | |
| ६. | शिव पञ्चायन मन्दिर | १ | धार्मिक | निर्माणाधीन | |
| ७. | झ्यालढुङ्गा गुफा | १ | ऐतिहासिक | निर्माणाधीन | |
| ८. | पुङठुङ झरना | १ | ऐतिहासिक | निर्माणाधीन | |
| ९. | सेलेले झरना | २ | ऐतिहासिक | निर्माणाधीन | |
| १०. | लेमलेमा गुफा | २ | ऐतिहासिक | निर्माणाधीन | |
| ११. | घुमाउने डाँडा | ६ | पर्यटकीय | १०-१५ | |
| १२. | सिद्धथान मन्दिर | ६ | धार्मिक | २०-२५ | |
| १३. | टप्पु देवी मन्दिर | ७ | धार्मिक | ५-१० | |
| १४. | तमोर नदी | ७ | पर्यटकीय | - | |
| १५. | माङघरेरी | - | - | - | |
| १६. | चोपलुङ | - | - | - | |
| १७. | पिंयादामी | ४ | धार्मिक | - | |
| १८. | चेम्सुङ डाँडा | ५ | ऐतिहासिक | - | |
| १९. | युवाराजा डाँडा | ५ | ऐतिहासिक | - | |
| २०. | सोलुङे डाँडा | ४ | ऐतिहासिक | - | |
| २१. | साततले डाँडा | ४ | ऐतिहासिक | - | |
| २२. | खोकु सुन्तला बगैंचा | ४ | पर्यटकीयक | - | |

## ८.६ सहिदभूमि गाउँपालिकाको क्षेत्रफल, जनसंख्या र जनघनत्व२०५८ र २०६८

| हालको वडा नं. | घरपरिवार संख्या | पुरुष | महिला | जम्मा | क्षेत्रफल (वर्ग कि.मि.) | जनघनत्व (प्रति वर्ग कि.मि.) |
|---|---|---|---|---|---|---|
| १. | ५६४ | १४४६ | १५५३ | २९९९ | १७.२५ | १७४ |
| २. | ६१४ | १४९८ | १६६४ | ३१६२ | १८.९७ | १६७ |
| ३. | ६४४ | १५५२ | १६६६ | ३२१८ | १०.४५ | ३०८ |
| ४. | ४६४ | ९६३ | १११७ | २०८० | ९.३५ | २२२ |
| ५. | ३६२ | ८८१ | ९५४ | १८३५ | १२.२९ | १४९ |
| ६ | ७२८ | १४६२ | १६९४ | ३१५६ | १७.९५ | १७६ |
| ७. | ५०० | ११२९ | ११८१ | २३१० | १२.१८ | १९० |
| जम्मा | ३८७६ | ८९३१ | ९८२९ | १८७६० | ९८.४४ | १३८६ |

श्रोतः- केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना २०६८ अनुसार

## ८.७. आर्थिक रुपले सक्रिय जनसंख्याको अवस्था :

| क्र.सं. | उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | ० देखि १४ | ३२२२ | ३२३४ | ६४५६ | ३४.४१ |
| २. | १५ देखि ५९ | ४६१८ | ५५६८ | १०१८६ | ५४.२९ |
| ३. | ६० भन्दा माथी | १०९१ | १०२७ | २११८ | ११.२८ |
| जम्मा | | ८९३१ | ९८२९ | १८७६० | ९९.९८ |

श्रोतः- केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना २०६८ अनुसार

## ८.८ वडा अनुसार विपन्नता स्तरीकरण (PPI= progress out of poverty Indexमापन विधि अपनाउनु पर्ने)

| वडा नं. | विपन्नता स्तरिकरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | अति गरिव | गरिव | मध्यम | सम्पन्न | जम्मा | |
| १ | २१% | ३३ % | ३१ % | १४ % | १०० % | |
| २ | १९ | ३५ | ३० | १६ | १०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | २० | २७ | ३३ | २० | १०० | |
| ४ | २१ | २९ | ३१ | २१ | १०० | |
| ५ | २४ | ३६ | २६ | १४ | १०० | |
| ६ | २१ | २९ | ३५ | १५ | १०० | |
| ७ | २३ | ३१ | २७ | १९ | १०० | |

श्रोतः जिल्ला स.स.धनकुटा

## ८.९ .सिंचित क्षेत्रफलको विवरण

| क.स. | विवरण | क्षेत्रफल ( हे.मा) | कैफियत |
|---|---|---|---|
| १ | सालैभर सिंचित | – | |
| २ | मौसमी सिंचित | – | |
| ३ | कूल सिंचित क्षेत्रफल | – | |
| ४ | असिंचित जमिन | – | |
| ५ | खेतियोग्य जमिन | ४२५८.२७ हे. | |
| ६ | खेति गरीएको जमिन | | |

श्रोत : जिल्ला कृषि विकास कार्यालय, धनकुटा

## ८.१० वन क्षेत्र/नर्सरी सम्वन्धी विवरण

| विवरण | सख्या | क्षेत्रफल ( हेक्टरमा) | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| सामुदायिक वन | – | ३३१५.०८ हे. | – | – |
| निजी वन | – | ० | – | – |
| धार्मिक वन | – | २९.४८ हे. | – | – |
| सरकारी संरक्षित वन | – | – | – | – |
| अन्य | – | – | – | – |

| | | | | |
|---|---|---|---|---|
| **जम्मा** | | ३३४४.५६ हे. | | |

श्रोतः जिल्ला वन कार्यालय, धनकुटा

## ८.११.सरकारी/सार्वजनिक जग्गाहरुको विवरण :

| क्रं सं. | जग्गा रहेको स्थान | | |
|---|---|---|---|
| | | क्षेत्रफल (वर्ग कि. मि.) | स्वामित्व |
| १. | वडा नं. ४ स्वास्थ्य चौकी | १ रोपन ८ आना | सरकारी |
| २. | वडा नं. ४ वडा कार्यालय | ७ आना | सरकारी |
| ३. | वडा नं. ६ वडा कार्यालय भवन | १० रोपनी | सरकारी |
| ४. | वडा नं ६ हेल्थपोष्ट | ५ रोपनी | सरकारी |
| ५. | वडा नं. ६ कृषि सेवा केन्द्र भवन | ५ रोपनी | सरकारी |
| ६. | वडा नं. ६ प्रहरी चौकी | ३ रोपनी | सरकारी |
| ७. | वडा नं ६ पशु सेवा केन्द्र | १ रोपनी | सरकारी |
| ८. | वडा नं. ६ आदिवासी जनजाति भवन | ९ आना | सरकारी |
| ९. | वडा नं ६ बुधवारे हाट बजार | २ रोपनी | सरकारी |
| १०. | वडा नं. ७ वडा कार्यालय भवन | २ रोपनी | सरकारी |
| जम्मा | | | |

श्रोत : स्थलगत सर्वेक्षण २०७४ अनुसार

## ८.१२ <u>उमेर तथा लिङ्गका आधारमा जनसंख्याको विवरण</u>

| क्र.सं. | उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ५ वर्ष भन्दा मुनी | ९७६ | ९१३ | १८८९ | १०.०६ | |
| २. | ५-९ वर्ष सम्म | १०८१ | ११६४ | २२४५ | ११.९६ | |
| ३. | १०-१४ वर्ष सम्म | ११६५ | ११५७ | २३२२ | १२.३७ | |
| ४. | १५-१९ वर्ष सम्म | १००६ | १०३४ | २०४० | १०.८७ | |
| ५. | २०-२४ वर्ष सम्म | ५९८ | ८७२ | १४७० | ७.८३ | |
| ६. | २५-२९ वर्ष सम्म | ४२६ | ६९७ | ११२३ | ५.९८ | |
| ७. | ३०-३४ वर्ष सम्म | ०४५४ | ५७९ | १०३३ | ५.५० | |
| ८. | ३५-३९ वर्ष सम्म | ४६४ | ५९७ | १०६१ | ५.६५ | |
| ९. | ४०-४४ वर्ष सम्म | ४७५ | ५१५ | ९९० | ५.२७ | |
| १०. | ४५-४९ वर्ष सम्म | ४४५ | ५१३ | ९५८ | ५.१० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. | ५०-५४ वर्ष सम्म | ४१८ | ४२४ | ८४२ | ४.४८ | |
| १२. | ५५-५९ वर्ष सम्म | ३३२ | ३३७ | ६६९ | ३.५६ | |
| १३. | ६०-६४ वर्ष सम्म | ३४३ | ३१७ | ६६९ | ३.५६ | |
| १४. | ६५-६९ वर्ष सम्म | २६७ | २४२ | ५०९ | २.७१ | |
| १५. | ७०-७४ वर्ष सम्म | २१२ | १८२ | ३९४ | २.१० | |
| १६. | ७५ वर्ष सम्म भन्दा माथी | २६९ | २८६ | ५५५ | २.९५ | |
| **जम्मा** | | **८९३१** | **९८२९** | **१८७६०** | **९९.९५** | |

श्रोतः- केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना २०६८ अनुसार

## ८.१३ मातृभाषाको आधारमा जनसंख्याको विवरण :

| क्र.सं. | मातृभाषा | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाली | ४८२४ | २५.७१ | |
| २ | तामाङ | ५९ | ०.३१ | |
| ३ | नेवार | ३६ | ०.१९ | |
| ४ | मगर | २७६ | १.४७ | |
| ५ | बान्तवा | ७४५७ | ३९.७४ | |
| ६ | लिम्बु | २४ | ०.१२ | |
| ७ | चाम्लिङ | २१० | १.११ | |
| ८ | थुलुङ | ४२ | ०.२२ | |
| ९ | खालिङ | ४३ | ०.२२ | |
| १० | दुङमाली | ६२ | ०.३३ | |
| ११ | कुकी | ११ | ०.०५ | |
| १२ | छिन्ताङ | ३४४८ | १८.३७ | |
| १३ | राई | १२३ | ०.६५ | |
| १४ | छिलिङ | १८६७ | ९.९५ | |
| १५ | आम्वुले | १४३ | ०.७६ | |
| १६ | अन्य | ११८ | ०.६२ | |
| १७ | उल्लेख नभएको | १७ | ०.०९ | |
| | जम्मा | १८७६० | ९९.९१ | |

श्रोतः- केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना २०६८ अनुसार

## ८.१४ खानेपानीको श्रोतको आधारमा घरपरिवार सम्बन्धी विवरण :

| क्र.सं. | खानेपानीको श्रोतहरु | घरपरिवार संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | पाईपधारा | २९८० | ७६.८८ | |
| २. | टयुबेल /हेन्डपम्प | ३ | ०.०७ | |
| ३. | ढाकिएको ईनार / कुवा | ७९ | २.०३ | |
| ४. | नढाकिएको ईनार / कुवा | ६८१ | १७.५६ | |
| ५. | मुलको पानी | ८६ | २.२१ | |
| ६. | खोला /नदीको पानी | ४२ | १.०८ | |
| ७. | अन्य | २ | ०.०५ | |
| ८. | उल्लेख नभएको | ३ | ०.०७ | |
| **जम्मा** | | **३८७६** | **९९.९५** | |

श्रोतः- केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना २०६८ अनुसार

उपरोक्त तथ्याँक अनुसार यस गाउँपालिकामा खानेपानीको समस्या भएको देखिँदैन तथापी धाराहरुको जडान कार्य तथा विस्तारभएको तथ्याङ्कले देखाउछ । यो तथ्याँक विगत ८ वर्ष अगाडीको भएको तर ग्रामिण क्षेत्रको सर्बेक्षण गर्दा केहि वडाहरुमा पानीको स्रोत नै नभएका कतिपय जडान भएका धाराहरुमा पनि प्रसस्त पानी नभएको र लगभग एक तिहाई जनसंख्या जरुवा वा कुवाको पानीमा निर्भर रहेका देखिन्छन् । हाल राज्यबाट व्यापक मात्रामा खानेपानी योजना संचालन भएकाले हाल जरुवा वा कुवाको पानी प्रयोग गर्ने घरधूरी संख्या केही कम भएको अनुमान गर्न सकिन्छ । केहि स्थानमा लिफ्टको प्रयोग बाट पनि पानी ल्याउने प्रयास भएको देखिन्छ ।

## ८.१५ शौचालय प्रयोगको आधारमा घरपरिवार विवरण :

| क्र.सं. | शौचालय प्रयोग | घरपरिवार संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | चर्पी नभएको | ११०६ | २८.५३ | |
| २. | फल्स भएको चर्पी | ११८९ | ३०.६७ | |
| ३. | साधारण चर्पी | १५७८ | ४०.७१ | |
| ४. | उल्लेख नभएको | ३ | ०.०७ | |
| **जम्मा** | | **३८७६** | **९९.९८** | |

श्रोतः- केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना २०६८ अनुसार

माथिको तथ्याङ्क अनुसार चर्पि नभएको २८.५३ प्रतिशत घर धुरीमा शौचालय निर्माण सम्पन्न गरी खुल्ला दिशा मुक्त क्षेत्र घोषणा भइसकेको देखिन्छ ।

## ८.१६ शैक्षिक संस्थाहरुको विवरण :

| विवरण | सरकारी | सामुदायिक | निजी विद्यालय | कुल |
|---|---|---|---|---|
| शिशु स्याहार केन्द्र | – | ३८ | – | ३८ |
| आधारभूत विद्यालय (१-८) | – | ३१ | ३ | ३४ |
| माध्यमिक विद्यालय (१-१०) | – | ४ | ० | ४ |
| उ.मा. वि. (१-१२) | – | ५ | ० | ५ |
| क्याम्पस | – | ० | ० | ० |
| वेद विद्याश्रम | – | ० | ० | ० |
| मदरशा | – | ० | ० | ० |
| अन्य | प्राविधिक शिक्षालय | छैन | | |
| | सीप विकास | छैन | | |
| | सामुदायिक | छैन | | |

स्रोत : जिल्ला शिक्षा कार्यालय, धनकुटा

### विद्यालय तथा कलेज हरु

| क्र.सं. | उ.मा.वि.,कलेजको नाम | ठेगाना | सञ्चालित कार्यक्रम तथा तह | बिद्यार्थी संख्या |
|---|---|---|---|---|
| १. | ठाकुर देवी मा.वि., थलथले | शहिदभूमी गा.पा.-६ | शिक्षा संकाय (+२) | २० |
| २. | टप्पु देवी मा.वि.,चाम्चा | शहिदभूमी गा.पा.-७ | शिक्षा संकाय (+२) | १२८ |
| ३. | आदर्श मा.वि., सफाइधाप | शहिदभूमी गा.पा.-१ | शिक्षा संकाय (+२) | ८० |
| ४. | छिन्ताङ्ग मा.वि., टाकुरे | शहिदभूमी गा.पा.-२ | शिक्षा संकाय (+२) | १४७ |
| ५. | पञ्चकृष्ण | शहिदभूमी | शिक्षा र मानविकी | ८२ |

| क्र.सं. | उ.मा.वि.,कलेजको नाम | ठेगाना | सञ्चालित कार्यक्रम तथा तह | बिद्यार्थी संख्या |
|---|---|---|---|---|
| | मा.वि.,पिपलेडाँडा | गा.पा.-४ | संकाय (+२) | |

## ८.१७ विद्यालयहरुमा शौचालयको विवरण :

| जम्मा विद्यालय संख्या | शौचालयको किसिम (संख्यामा उल्लेख गर्ने) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | सामान्य, सवैले प्रयोग गर्ने किसिमको | शिक्षक शिक्षिकाका लागि भिन्दाभिन्दै भएको | छात्राछात्रका लागि भिन्दाभिन्दै भएको | अपांगका लागि भिन्दाभिन्दै भएको | **शौचालय नभएको** | |
| | | | | | | |

श्रोतः जिल्ला शिक्षा कार्यालय, धनकुटा

## ८.१८ .खोप सेवाको विवरण :

| क्र.सं. | विवरण | आ.व. २०७२/०७३ | आ.व. २०७३/०७४ | आ.व. २०७४/०७५ |
|---|---|---|---|---|
| | | संख्या | संख्या | संख्या |
| १ | वि.सि.जि. | २७४ | २८९ | १३६ |
| २ | डि.पि.टि. | ३२९ | ३२४ | १०४ |
| ३ | हेपाटाइटिस “वि” | २१५ | ३३७ | १०७ |
| ४ | दादुरा | २८३ | ३२० | १३२ |
| ५ | पोलियो ३ | ३४८ | ३५५ | ११० |
| ६ | टि.टि (गर्भवती महिला) | १२७ | २३० | ९२ |

श्रोतः जिल्ला स्वास्थ्य कार्यालय, धनकुटा

## ८.१९ गाउपालिकाको टाढाको वस्तिबाट सम्बन्धित गाउँपालिकाको केन्द्र पुग्नलाग्ने अनुमानित समय( घण्टा) :

| क.सं. | Roadhead वाट गापा वा नपाको केन्द्र पुग्नलाग्ने समय | गाउँपालिकाको वडा नं. | बस्तीहरुको नाम | कैफियत |
|---|---|---|---|---|
| १. | २:३०–३:०० घण्टा | वडा नं. २ | त्रिवेणी, करकरले | पैदल |
| २. | २:०० घण्टा | वडा नं. ४ | लामीबगर | पैदल |
| ३. | १:००–१:०० घण्टा | वडा नं. ५ | खेडाङ्ग | पैदल |
| ४. | २:०० घण्टा | वडा नं ६ | थालाखाम | पैदल |
| ५. | ४:०० घण्टा | वडा नं. ७ | साफटिङ्गटार | पैदल |

श्रोत : स्थलगत सर्वेक्षण २०७४ अनुसार

## ८.२० बैंक तथा वितीय संस्था :

| क.स. | गापा/नपाको नाम | सहकारी संस्था | फाइनान्स | विकास वैंक | बैंक | कैफियत(निजीवा सरकारी के हो उल्लेख गर्ने) |
|---|---|---|---|---|---|---|
| १. | शहिदभूमी गा.पा.- १ | नवपालुवा कृषि सहकारी संस्था लि. | – | – | – | निजी |
| २. | शहिदभूमी गा.पा.- १ | लाली गुराँस सहकारी संस्था लि. | – | – | – | निजी |
| ३. | शहिदभूमी गा.पा.- ३ | कृषि सहकारी संस्था लि. | – | – | – | निजी |
| ४. | शहिदभूमी गा.पा.- २ | कृषि महिला समूह | – | – | – | निजी |
| ५. | शहिदभूमी गा.पा.- २ | छिमेकी विकास | – | – | – | निजी |
| ६. | शहिदभूमी गा.पा.- २ | जीवन विकास | – | – | – | निजी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | शहिदभूमी गा.पा.- ६ | सर्भ नेपाल लघुवित्त | – | – | – | निजी |
| ८. | शहिदभूमी गा.पा.- ६ | लाली गुराँस लघुवित्त | – | – | – | निजी |
| ९. | शहिदभूमी गा.पा.- ६ | समिट फाइनान्स | – | – | – | निजी |
| १०. | शहिदभूमी गा.पा.- ६ | खोकु छिन्ताङ बहुउद्देश्यीय सहकारी संस्था लि. | – | – | – | निजी |
| ११. | शहिदभूमी गा.पा.- १ | श्री गाउँबेसी कृषि सहकारी संस्था लि. | – | – | – | निजी |
| १२. | शहिदभूमी गा.पा.- १ | श्री जनउत्थान कृषि सहकारी संस्था लि. | – | – | – | निजी |
| १३. | शहिदभूमी गा.पा.- २ | श्री ललाहाङ कृषि सहकारी संस्था लि. | – | – | – | निजी |
| १४. | शहिदभूमी गा.पा.- ३ | श्री डाँडागाउँ कृषि सहकारी संस्था लि. | – | – | – | निजी |
| १५. | शहिदभूमी गा.पा.- ३ | श्री नवजागरण कृषि सहकारी संस्था लि. | – | – | – | निजी |
| १६. | शहिदभूमी गा.पा.- ३ | श्री छिन्ताङदेवी महिला वचत तथा ऋण सहकारी संस्था लि. | – | – | – | निजी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७. | शहिदभूमी गा.पा.- ३ | श्री छिन्ताङ उपभोक्ता सहकारी संस्था लि. | – | – | – | निजी |
| १८. | शहिदभूमी गा.पा.- ४ | श्री खोकु जनकल्याण उपभोक्ता सहकारी संस्था लि. | – | – | – | निजी |
| १९. | शहिदभूमी गा.पा.- ४ | श्री माङलाम्सा कृषि सहकारी संस्था लि. | – | – | – | निजी |
| २०. | शहिदभूमी गा.पा.- ४ | श्री हिमायती कृषि सहकारी संस्था लि. | – | – | – | निजी |
| २१. | शहिदभूमी गा.पा.- ६ | श्री खोकुछिन्ताङ वहुउद्देश्यीय सहकारी संस्था लि. | – | – | – | निजी |
| २२. | शहिदभूमी गा.पा.- ६ | श्री पञ्चावती उपभोक्ता सहकारी संस्था लि. | – | – | – | निजी |
| २३. | शहिदभूमी गा.पा.- ६ | श्री ठाकुर सहकारी वहुउद्देश्यीय सहकारी संस्था लि. | – | – | – | निजी |
| २४. | शहिदभूमी गा.पा.- ६ | श्री बाँस तथा निगाले वचत तथा ऋण | – | – | – | निजी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सहकारी संस्था लि. | | | | |
| २५. | शहिदभूमी गा.पा.- ६ | श्री संजिवनी वचत तथा ऋण सहकारी संस्था लि. | – | – | – | निजी |
| २६. | शहिदभूमी गा.पा.- ६ | श्री साप्तिङटार कृषि सहकारी संस्था लि. | – | – | – | निजी |

## ८.२१ .राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाको विवरण र वार्षिक बजेट :

१. NGO को विवरण

| सि.न | NGO को नाम | रहेको स्थान | सम्पर्क नं | उद्देश्य/कार्य क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | डाइग्रो नेपाल | धाप वडा नं. १ | | | |
| २. | परडेप नेपाल | धनकुट्टा बजार | | खानेपानी तथा सरसफाई सम्बन्धी | |

## ८.२२ गाउँपालिकासंग साझेदारी गरेका संघ संस्थाहरु (अन्तरार्ष्टिय तथा राष्ट्रिय गैरसरकारी तथा सामुदायिक संघ संस्थाहरु समेत) :

| सि.नं. | संघसंस्थाको नाम | कार्यक्रम | स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | यस गाउँपालिकासगँग कुनैपनि संघसंस्थाहरु साझेदारी नगरेको अवस्था । | | | |

**श्रोत :** स्थलगत सर्वेक्षण २०७४ अनुसार

## ८.२३ गाउँपालिकाको भगिनी सम्बन्ध रहेको संस्था :

| सि.नं. | भगिनी सम्बन्ध कायम भएको | संस्थाको उद्देश्य | सम्बन्ध कायम भएको मिति | कैफियत |
|---|---|---|---|---|

| | **संस्थाको नाम** | | | |
|---|---|---|---|---|
| १ | कुनैपनि संस्थासँग भगिनी सम्बन्ध नरहेको अवस्था । | | | |

## ८.२४ विशेष ब्यावसायिक खेती र उत्पादन हुने मुख्य कृषि बाली

### (क) पकेट क्षेत्रको विवरण :

| क.सं. | पकेटको नाम | पकेटले ढाकेको गा.वि.स.हरु | बाली | पकेटको क्षेत्रफल (हे.) | उक्त पकेटमा संचालन भएका कार्यक्रमहरु |
|---|---|---|---|---|---|
| १. | खोकु | खोकु १-९ छिन्ताङ्ग १,५,६,७ आँखिसल्ला ४,५,७ | सुन्तला | १७५ हे. | ५० प्रतिशत मूल्य अनुदानमा सुन्तला बिरुवा बितरण, रोग किरा ब्यवस्थापन तालिम संचालन, सुन्तला नर्सरी स्थापनाको लागि सहयोग |

श्रोत : जिल्ला कृषि विकास कार्यालय, धनकुटा

### (ख) ब्यावसायिक खेती (जस्तो अर्गानिक खेती वाखापालन कुखुरापालनआदी)

| **क्र. सं.** | **खाद्यन्न बाली** | **नगदे वाली** | **मसला वाली,** | **तेलहन वाली** | **दलहन वाली** |
|---|---|---|---|---|---|
| १ | वर्षे धान, वर्षे मकै, कोदो, फापर, आलु | अदुवा, अलैची, आलु, प्याज, लसुन, खुर्सानी | हलेदो, लसुन, खुर्सानी, धनिया, सुप, | तोरी, सर्स्यू, बदाम, तिल, आलस, सूर्यमुखी फूल | मास, रहर, मुसुरो, गहत, केराउ, चना, भटमास, राजमा, बोडी, सिमि, |
| **२** | **तरकारी वाली** | **फलफूल** | **अन्य** | | |
| | काउली, वन्दा, चिप्ली भिण्डी, भन्टा, परवल, मुला, धनिया, लसुन, | कागती, जुनार, नास्पाती, केरा, सुन्तला | | | |

| | | | |
|---|---|---|---|
| | प्याज, रायको साग, तोरीको साग, पालुङ्गो, चम्सुर, वेथेको साग, लटेको साग, गाण्टे मुला, चुकन्दर, ब्रो काउली, | | |

## ८.२५ गाउँपालिकाले आफैले बनाएका ऐन, नियम, कार्याविधि र विनियमहरुको विवरण :

- कार्यसम्पादन नियमावली, २०७४
- कार्यविभाजन नियमावली, २०७४
- वैठक संचालन निर्देशिका, २०७४
- प्रशासकीय कार्याविधि नियमित गर्ने ऐन,२०७५
- कृषि व्यवसाय प्रवद्धन ऐन ,२०७५
- न्यायिक समिति (कार्यसम्बन्धि) ऐन ,२०७५
- सहकारी ऐन ,२०७५
- स्थानीय स्वास्थ्य तथा सरसफाइ सेवा ऐन ,२०७५
- स्थानीय शिक्षा ऐन ,२०७४
- पूर्वाधार व्यवस्थापन सम्बन्धि ऐन ,२०७५
- आर्थिक कार्याविधि कानून ,२०७५
- विपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन गर्न बनेको ऐन,२०७५
- विनियोजन ऐन ,२०७५
- आर्थिक ऐन, २०७५
- सहिदभूमि गाँउकार्यापालिकाको निर्णय वा आदेश वा अधिकार पत्रको प्रमाणिकरण (कार्याविधी)नियमावली ,२०७५
- गाउकार्यापालिकाको वैठक सञ्चालन सम्वन्धी कार्याविधि ,२०७५
- गाउकार्यापालिका (कार्य विभाजन) नियमावली ,२०७५
- सहिदभूमि गाउपालिकाका पदाधिकारीहरुको आचार संहिता
- सहिदभूमि गाउपालिकाका (कार्यासम्पादन) नियमावली ,२०७४

- गाउसभा संचालन कार्याविधि ,२०७४
- कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि ,२०७५
- विपद कोष व्यवस्थापन कार्याविधि ,२०७५
- स्थानिय राजपत्र प्रकाशन सम्वन्धी कार्याविधि ,२०७४
- थाक हो लोडर ट्याक्टर संचालन कार्याविधि ,२०७५
- मर्मत सम्भार कोष संचालन निर्देशिका ,२०७५
- वजार अनुगमन निर्देशिका ,२०७५
- अनुदान तथा विपन्न आर्थिक सहायता कोष संचालन कार्याविधि
- उपभोत्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्याविधि
- स्थानिय न्यायिक समितिको कार्या सम्पादन नियमावली
- एफ. एम रेडियो(व्यवस्थापन तथा संचालन) कार्याविधि ,२०७५
- कर्मचारी कल्याण तथा अवकाश कोष संचालन विनियमावली
- भवन निर्माण तथा योजना मापदण्ड ,२०७५
- सम्पति तथा भूमिकर व्यवस्थापन कार्याविधि ,२०७५
- आन्तरिक व्यवस्थापन नियन्त्रण कार्याप्रणालि
- टोल विकास संस्था संचालन कार्याविधि ,२०७५

## ८.२६ नागरीक बडापत्र, २०७४ :

साविकका गा.वि.स.हरु छिन्ताङ, खोकु, आँखिसल्ला सबैले नागरीक बडापत्र राख्ने गरेको पाईएको थियो भने गाउँपालिका घोषणा सँगै गाउँपालिकाले नागरीक बडापत्र २०७३ निर्माण गरी समय समयमा अत्यावधिक गर्दै लगिएको छ । जनताका कामहरू सरल र शुलभ ढंगमा गर्नको लागि नागरिक बडापत्र जारी गरेको देखिन्छ । यसलाई होर्डिङ्गबोर्डमा समेत लेखेर गाउँपालिकाले अध्याबधिक प्रयोगमा आउने सिफारीसहरुमा लाग्ने दस्तुरका साथै एकीकृत सम्पत्तिकरको बारेमा समेत जानकारी मूलक सूचना राख्ने गरेको देखिएको छ ।

सहिदभूमी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, **पिप्ले, धनकुटा**

**राजस्व तथा अनुदान प्राप्तिको अनुमान**

**आ.व.२०७४/७५**

अनुसूची-१

| शीर्षक | | आ.व.२०७३/७४ को यथार्थ | आ.व.२०७४/७५ को संशोधित अनुमान | आ.व.२०७५/७६ को लक्ष्य |
|---|---|---|---|---|
| राजस्वः | | | | |
| **१** | **आन्तरिक राजस्वः** | **७७६१६६.२८** | **३००८०००** | **३३०८८००** |
| १.१ | सम्पत्ती कर | | | ० |
| १.२ | घरबहाल कर | | | |
| १.३ | घरजग्गा रजिष्ट्रेशन शुल्क | | ५०००० | ५५००० |
| १.४ | सवारी साधन कर | | ५०००० | ५५००० |
| १.५ | सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा) | | २०००० | २२००० |
| १.६ | दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा) | २८९५०८ | ५२५००० | ५७७५०० |
| १.७ | पर्यटन शुल्क | | | ० |
| १.८ | विज्ञापन कर | | १०००० | ११००० |
| १.९ | व्यवसाय कर | | ४३००० | ४७३०० |
| 1 | भूमिकर (मालपोत) | ४१२३१८.२४ | १८००००० | १९८०००० |
| १.११ | दण्ड जरिवाना | | १०००० | ११००० |
| १.१२ | मनोरञ्जन कर | | | ० |
| १.१३ | मालपोत संकलन | | | ० |
| १.१४ | बहाल विटौरी घर जग्गा कर | | ५००००० | ५५०००० |
| १.१५ | मृत वा मारिएका जीव जन्तुको हाड, सिंग, प्वाँख, छालामा कर | | | ० |
| १.१६ | प्राकृतिक स्रोत साधन व्यवसायिक कर | | | ० |
| १.१७ | शेयर लगानीबाट प्राप्त लाभांश तथा पूँजिगत लाभ आय | | | ० |
| १.१८ | ऋण लगानीबाट प्राप्त व्याज आय | | | ० |
| १.१९ | अन्य ( बिधुत रोयल्टी) | ४५२४०.०४ | | |
| 1.2 | पँजिकरण | २९१०० | | |
| **२** | **राजस्व बाँडफाँडः** | | **१५००००** | **१६५०००** |
| २.१ | राजस्व बाँडफाँड प्राप्ति (निकासी करबाट प्राप्त आम्दानी) (+) | | ५०००० | ५५००० |
| २.२ | राजस्व बाँडफाँड हस्तान्तरण (-) | | १००००० | ११०००० |
| **३** | **अन्य आयः** | | **८३९९१४९** | |
| ३.१ | गत आ.व को मौज्दात गाउँपालिका | | ५८४१३०१.१५ | |
| ३.२ | बेरुजु असुली | | | ० |

| | | | | |
|---|---|---|---|---|
| ३.३ | गत वर्षको नगद मौज्दात साविक गा.वि.स बाट प्राप्त | | १४७४७६.५७ | ० |
| ३.४ | पुरानो तीन गाविस बाट हस्ताण्तरण भइ आएका रकम | | २४१०३७१.१ | |
| ४ | **अन्तर सरकारी वित्तीय हस्ताण्तरण** | | २२७०६५००० | २४९७७१५०० |
| ४.१ | **नेपाल सरकारबाट प्राप्त अनुदानः** | १००००००० | | |
| ४.१.१ | वित्तीय समानीकरण अनुदान | | १३७३१९००० | १५१०५०९०० |
| ४.१.२ | सशर्त अनुदान | | ८९७४६००० | ९८७२०६०० |
| ४.१.३ | समपूरक अनुदान | | | ० |
| ४.१.४ | विशेष अनुदान | | | ० |
| ५ | **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | | | **०** |
| ५.१ | वित्तीय समानीकरण अनुदान | | | ० |
| ५.२ | सशर्त अनुदान | | | ० |
| ५.३ | समपूरक अनुदान | | | ० |
| ५.४ | विशेष अनुदान | | | ० |
| ६ | **अन्य स्थानीय तहबाट प्राप्त अनुदानः** | | | **०** |
| ६.१ | सशर्त अनुदान | | | ० |
| ६.२ | समपूरक अनुदान | | | ० |
| ६.३ | विशेष अनुदान | | | ० |
| ७ | **जनसहभागिताः** | | | **०** |
| ७.१ | नगद सहभागिता | | | |
| ७.२ | श्रम तथा वस्तुगत सहायता | | | |
| | **जम्मा** | १७७६१६६.२८ | २३८६२२१४८.८२ | २५३२४५३०० |

यथार्थ बजेट

## ८.२७ गाउँपालिकामा प्रस्तुत बजेट सारंश :

| सि.न. | गाउँपालिकाको आम्दानी शिर्षक | विनियोजित बजेट वा कुल आय | यथार्थ निकासा वा आय | | | यथार्थ खर्च | | | खर्च प्रतिशत | | बाकी मौज्दात | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पूजि | चालु | जम्मा | पूजिगत | चालु | जम्मा | पूजिगत | चालु | पूजिगत | चालु | |

| | | | **गत** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार | | | | | | | | | | | | |
| क. | वित्तिय समनिकरण | १३७३१९००० | १०७६५९२२२ | २९६५९७७८ | १३७३१९००० | ८७७१४०९३.४४ | १२४१०८१६.१७ | १००१२४९०९.६१ | ८१ | ४१ | १९९४५१२८.५६ | १७२४८९६१.३९ | |
| ख. | शसर्त अनुदान | ८९७४६००० | | | ९९४७५००० | | | ९२७१६४९५.५२ | ९३ | | ६७५८५०४ फिर्ता | | |
| २. | प्रदेश सरकार | १२०००००। | १२००००० | | १२००००० | १२००००० | | १२००००० | | १०० | | | |
| ३. | LGCDP सामाजिक परिचालन | १०६०००० | ६००००० | ४६०००० | १०६०००० | ४५६६५१ | २६८७५८ | ८२५४०९ | ७६ | ५८ | १४३३४९ | १९१२४२ | फिर्ता |
| ४. | आन्तरिक आय | ३३०५४७६ | २७६९६१२.४८ | ३१५८००० | ५९२७६१२.४८ | | १३३७५५० | १३३७५५० | ० | ४२ | २७६९६१२.४८ | १८२०४५० | |
| ५. | जनसहभागीता | | ८०३२०० | | ८०३२०० | ८०३२०० | | ८०३२०० | १०० | १०० | | | |
| ६. | विविध धरौटी | | | | ८९१४० | | | | | | | | |
| ७. | पर्यटन तथा नागारिक उड्डयन मन्त्रालय | ८००००००। | ८००००० ० | | ८०००००० | ८०००००० | | ८०००००० | | १०० | | | |
| ८. | सामाजिक सुरक्षा | ३३९८५०००। | | ३३९८५०००। | ३३९८५०००। | | ३३८९१६०० | ३३८९१६०० | | | | ९३४०० | |
| ९. | गत बर्षको अल्या | ८२५१६७२.२५ | | | ८२५१६७२.२५ | ८२५१६७२.२५ | | ८२५१६७२.२५ | | | | | |
| | अन्य | | | | | | | | | | | | |
| | **जम्मा** | २८२८६७१४८.२५ | १२१०३२०३४.४८ | | २९६११०६२१.६५ | १०५२२५६१६.६९ | ४७९०८७२४.६१ | २४७१५०८३६.३८ | | | २९६१६५९४.०४ | १९३५४०५३.३९ | जम्मा फिर्ता ७१८६४९५ |
| | **बाँकी मौज्दात** | | | | ३३९८५००० | | | ३३८९१६०० | | | | | ४१७८४१५४.४३ |
| | **कुल जम्मा** | | | | २६२१२५६२१.६५ | | | २१९२५९२३६.३० | ८१.३५ | | | | |

## ८.२८ सहिदभूमिगाउँपालिका, धनकुटाले अवलम्बन गरेको प्रमुख नीति र क्षेत्रगत नीतिहरु :

- शहिदभूमि गाउँपालिकाको स्थानीय सरकारले यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने,

- स्थानीय जनतालाई योजना तर्जुमाका साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने,
- मागमा आधारित र यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिइएको छ ।

## .(क) आर्थिक विकास नीति :

- आर्थिक विकासको महत्वपूर्ण आधार आर्थिक क्रियाकलाप हो । नयाँ संरचना निर्माण सँगै यस क्षेत्रको आर्थिक क्रियाकलापहरुमा उल्लेख्य बृद्धि हुने नीति लिइने छ ।
- कृषि तथा अन्य गैह्र कृषि जन्य उत्पादनलाई प्रोत्साहन गरी आर्थिक तथा वित्तिय कारोबारहरुलाई व्यबस्थित एवं अनुशासित बनाउने ।
- यस क्षेत्रको उच्च आर्थिक बृद्धि हासिल गर्ने नीति लिईनेछ ।
- गाउँपालिका क्षेत्रमा वैंक तथा वित्तिय संस्थाहरु सञ्चालनमा छैनन् । आगामी वर्षमा देशका सम्पूर्ण स्थानीय तहमा वित्तिय संस्था खोल्ने सरकारको घोषणालाई कार्यान्वयनमा ल्याउन सहजीकरण गरिनेछ ।
- गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समुहहरु गठन गर्ने नीति लिइनेछ ।
- वचत वृद्धि, पुँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ । बैंकिङ तथा वित्तिय क्षेत्रको विकास तर्फ पहल गरिनेछ ।

## (ख) पर्यटन सम्बन्धि नीति :

- .**“हाम्रो गाउँको पर्यटन : हाम्रै गाउँको समृद्धि र पहिचानको साधन”** भन्ने नाराका साथ यस क्षेत्रका प्राकृतिक सम्पदाहरुको जगेर्ना गर्दै सिगों राष्ट्रकै ऐतिहासिक पहिचान बोकेको खाल्सा छिन्ताङ्ग शहिदभूमि क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा विकास गरिने छ ।
- पर्यटकीय सम्भावना बोकेका अन्य क्षेत्रहरुको पहिचान, विकास तथा सम्बर्द्धन गरिने छ ।

- पातल र घुमाउने डाँडामा भ्युटावर निर्माण, गरिनेछ । शहिदपार्कलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ
- गाउँपालिकाका डम्फे,माङ्गफिङ्ग,खोकु,गुराँसे,गुर्धुम,हाङ्गगुवा,बुर्खा,अखुवा,माझीटोल लगायत सम्भाव्य टोलहरुमा होमस्टे (घरबास) कार्यक्रम् अन्तर्गत पर्यटन प्रवर्धन कार्यक्रम् सञ्चालन गरिनेछ ।
- शहिदभूमि गाँउपालिकाको हाँगुवामा रहेको पुङठुङ पटुके (छेरेरे) र बुर्खा नजिकको सेलेले झरना, गुर्धुममा रहेको झ्यालढुंगा गुफा र त्रिवेणी दोभानको भौतिक पुर्वाधार निर्माण गरी पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।
- छिन्ताङ्गदेवी मन्दिरको पुर्वाधार विकास गरि धार्मिक पर्यटनलाई प्रर्वद्धन गरिनेछ ।अरुण र तमोर नदीमा जलविहार (र्‍याफ्टिङ्ग) मार्फत पर्यटन प्रवर्धन गरिनेछ ।
- धार्मिक, ऐतिहासिक, सामाजिक-सांस्कृतिक तथा पर्यावरणीय महत्वका मन्दिर, गुम्बा, चर्च, नदि नाला, बनजगंल आदिको संरक्षण एवं सम्बर्द्धन गर्ने कार्यक्रमहरु ल्याईनेछ ।

**(ग) मानव संसाधन व्यवस्थापन सम्बन्धि नीतिः**

- शहिदभूमि गाउँपालिकाको स्थानीय सरकारले यस गाउँपालिकाका सम्पूर्ण नागरिकलाई विकासको अनुभुति दिलाउने खालका योजना विकास गर्ने
- स्थानीय जनतालाई योजना तर्जुमाका साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने,
- मागमा आधारित र यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको क्षमता अभिवृद्धी गरिने छ ।

## (घ) सडक तथा पुर्वाधार नीति :

- **सामाजिक-आर्थिक रुपान्तरणको आधार सुलभ यातायातको पूर्वाधार"** लाई मुर्तरुप दिन हामीले हाम्रो भूगोलमा पूर्वाधार विकासको पहिलो शर्त सडक नै हो भन्ने कुरालाई हामी सबैले महशुस गरेका छौं।
- भौगोलिक जटिलतामा सहजीकरण गर्न सक्ने प्राविधिक ज्ञान, सिपको उच्चतम सदुपयोग गर्दै यस क्षेत्रका सडक पूर्वाधारलाई आधारभूत मापदण्ड अनुकुल व्यवस्थित एवम् विकास गरिनेछ ।

- हिले –छिन्ताङ्ग, त्रिवेणी–उदयपुर सडकको स्तरोन्नति गर्ने र कालोपत्रेका लागि निरन्तर पहल गर्ने,
- मुलघाट, अखुवाटार भोजपुर सडकको स्तरोन्नति गर्ने, माङ्गफिङ्ग, खोकुटार, लामिबगर, ललहनी, अखुवाटार, पोखरे, देउराली, सफाईटार, चिम्राहा, साप्तीङ्ग, चाम्चा, बरबोटे, माङ्गतीन, सुकेआहाल ,गाउँपालिका बाहिरी चक्रपथ निर्माण तथा स्तरोन्नति गर्ने
- यस गाउँपालिकाका सात वटै वडा क्षेत्रहरुबाट गाउँपालिकाको केन्द्र रहने खोकुपिप्लेसम्म विस्तार भएका तथा हुने सडक सञ्जाललाई प्राथमिकताका साथ कार्यान्वयन गरिने
- गाउँपालिकाका सडकहरुलाई कृषि सडक, ग्रामीण सडक र स्थानीय सडकका रुपमा वर्गीकरण गरी खाल्सा छिन्ताङ्ग सहिदभूमि गाउँपालिकाका सहादात प्राप्तसहिदहरुको नाममा नामकरण गरिनेछ
- स्थानीय गौरवका आयोजनाहरु पहिचान गरी क्रमागत निर्माण थालनी गरिने छ ।

## (ङ) कृषिमा आत्मनिर्भर सम्बन्धि नीति :

- .प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने

नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै सिँचाई, मलखाद, बीउ विजनको उपलब्धतामा सुधार गरिनेछ ।

## (च) भू उपयोग सम्बन्धि नीति :

- प्रत्येक किसानलाई कृषि कार्यका लागि भूमिमा पहुँच,परम्परागत रुपमा प्रयोग र अवलम्बन गरिएको बीऊ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक स्थापित गर्न पहल गरिने छ ।
- किसानको हकहित संरक्षण र सम्बर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भू-उपयोग नीतिको अबलम्बन गरिने
- भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण,औद्योगिकिकरण, विविधिकरण र आधुनिकीकरण गर्न पहल गरिने

## (छ) पशु सम्बन्धि नीति :

- पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपले सञ्चालन गरिनेछ ।
- शहिदभूमि गाउँपालिकालाई कृषि तथा पशुपालन पकेट क्षेत्र घोषणा गरी कृषकहरुलाइ व्यवसायिक खेती तर्फ प्रोत्साहित गरिनेछ ।

## (ज) युवा स्वरोजगार तथा खेलकुद नीति :

- "**सक्षम खेलाडी : प्रतिष्पर्धी खेलकुद** कार्यक्रम अर्न्तगत युवा खेलाडीहरुको शारीरिक र मानसिक स्वस्थ तन्दुरुस्त राख्न, सामूहिक भावनाको विकास गराउने ।
- अनुशासित तथा मर्यादित जीवनयापन गर्न सिकाउने, सिर्जनशिल युवा शक्ति उत्पादन गर्ने ।
- युवाहरुलाई उद्यमशीलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न छोटो र लामो अवधिको तालिम दिइनेछ ।
- खेलकुद कार्यक्रम्लाई प्रोत्साहित गर्दै यस क्षेत्रको विकासको लागि खेलकुद पूर्वाधारको विकास गरिनेछ ।
- युवाहरुलाई रुपान्तरणका संवाहक र नेतृत्वका साझेदारको रुपमा विकास गर्दै सामाजिक,राजनीतिक र आर्थिक क्षेत्रको समग्र जिम्मेवारी दिएर युवा नेतृत्व विकास गर्ने ।
- युवाहरुको सिर्जनशीलता,उर्जा र संभावनाको विकासका लागि वातावरण निर्माण गरी हिंसा,दुर्व्यसन र अराजकतामा युवाहरुलाई दुरुपयोग गर्ने प्रवृत्तिलाई नियन्त्रित गरिने छ ।
- युवाहरुलाई श्रमसँग परिचित गराई श्रमप्रति आस्था जगाउने र श्रम गर्ने बानीको विकास गराउन पहल गरिने छ ।

## (झ) शिक्षा नीति :

- "**राष्ट्र निर्माणको आधार : गुणस्तरीय शिक्षा र आधुनिक शैक्षिक पूर्वाधार**" कार्यक्रम् मार्फत सीपयुक्त र गुणस्तरीय शिक्षाकालागि प्राविधिक तथा व्यवसायिक शिक्षालाई क्रमशः विस्तार गर्दै आधुनिक शैक्षिक पूर्वाधार निर्माणका लागि पहल गरिनेछ ।

- .शिक्षा क्षेत्रमा भएको लगानीको प्रतिफलमा प्रभावकारिता अभिबृद्धि गर्न सेवाको गुणस्तरमा थप सुधारको व्यवस्था मिलाइनेछ ।
- गाँउपालिकामा सहिदभुमी क्याम्पसको स्थापनाका लागि पहल गरिनेछ ।

## (ञ) स्वास्थ्य नीति :

- नेपाल सरकारले हरेक गाउँपालिकामा १५ शैयाको अस्पताल बनाउने कार्यक्रम लिए अनुरुप यस गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण गर्न पहल गरिनेछ ।
- गाउँपालिकालाई  पूर्ण खोपको सुनिश्चितता कार्यक्रम, पूर्ण सरसफाईयुक्त बनाउनुका साथै वाल मृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविकाहरु तथा अन्य स्वास्थ्यकर्मीहरुको परिचालनमा प्रभावकारिता अभिवृद्धि गरिने छ ।
- युवायुवती र किशोरकिशोरीहरुका लागि यौन तथा प्रजनन स्वास्थ्य, एच.आइ.भि. एड्स शिक्षा लगायत सरुवा रोगहरुको नियन्त्रणका लागि प्रचारप्रसार लगायतका सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## (ट) सशक्तिकरण नीति :

- लैगिंक समानता, महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहीकरण र महिला सहभागिता बृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ ।
- संघीय सरकार मार्फत सञ्चालन हुने सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्राप्त गर्ने व्यक्तिहरुको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरिनेछ ।
- लाभग्राहीहरुको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा रकम समयमा नै प्राप्त गर्ने व्यवस्थाका लागि शाखा रहित बैङ्किङ सेवाको सुरुवातको व्यवस्था मिलाइनेछ ।

## .(ठ) सामाजिक तथा सांस्कृतिक नीति :

- .सामाजिक तथा सांस्कृतिक विविधतायुक्त यस क्षेत्रमा सहअस्तित्वको आधारमा स्वस्थ सामाजिक सम्बन्ध विकास गर्न "**सांस्कृतिक रुपान्तरण र सामाजिक सुधार,सभ्य समाज र**

**संस्कारयुक्त परिवार**" भन्ने नाराका साथ सबै प्रकारका भेदभावको अन्त्य गरी समावेशीकरणको माध्यमबाट समानता र सामाजिक न्याय कायम गरिने छ ।

## (ड) दिगो र पर्यावरणीय विकास नीति :

- ."**दिगो र पर्यावरणीय विकास : हरियालीयुक्त बस्ती र सुरक्षित आवास**" कार्यक्रम् मार्फत प्राकृतिक स्रोतहरुको दिगो व्यवस्थापनका लागि समुदायलाई परिचालित गरिने छ ।
- जैविक विविधताको संरक्षण गर्दै जलवायु प्रणालीलाई सन्तुलित बनाउन खाली र बाझो रहेका सार्वजनिक जग्गामा वृक्षारोपण गरिनेछ ।
- गाउँपालिकाका मुख्य बजारहरु थलथले, सुकेआहाल, पिप्ले, पञ्चकन्या, देवीथान, साम्बुगाउँ, ज्यामिरे, अखुवाटार, सिम्ले, त्रिबेणी, घँगरु, सफाई,धाप, चिम्राहा, चाम्चा र साप्तीङ्ग लगायत सघन बस्तीहरुमा "**एक घर एक विरुवा : एक टोल एक उद्यान"** कार्यक्रमलाई क्रमशः कार्यान्वयन गर्दै हरित शहर निर्माणमा जोड दिइनेछ ।
- जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ ।
- जलवायु परिवर्तनले विश्वलाई नै चुनौती दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिनेछ ।
- जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकायसँग सहकार्य गरि अगाडि बढ्ने नीति अख्तियार गरिनेछ ।

## (ढ) पुनर्निर्माण नीति :

- भूकम्प पश्चातको पुननिर्माण र नवनिर्माण प्रक्रियामा प्रभावकारी सहभागिता एवं सहकार्य गरी पुन निर्माण प्रक्रियालाई तिब्रता दिईनेछ ।
- विपद व्यवस्थापनमा क्षमता अभिबृद्धि गरिनेछ ।

## (ण) सशक्तिकरण मा जोडदिने नीति :

- यस क्षेत्रमा रहेका दलित, अल्पसंख्यक, अपांग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ ।

- लैगिक विभेदमार्फत महिलाको स्थान समाजमा पुरुषभन्दा न्युन छ, उनीहरुलाई समाजको मुल धारमा ल्याउने, घरको निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका खेल्ने, नीति लिएको छ
- संविधान तथा कानुनबमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- अवको विकास अपांगमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ नीति अङ्गिकार गरिनेछ ।

## (त) बालवालिका सम्बन्धि नीति

- **"बालबालिकाहरु भविष्यका कर्णधार मात्र हैनन्, वर्तमानका साझेदार पनि हुन् ।"** भन्ने भनाईलाई आत्मासात् गर्दै बालअधिकारको संरक्षण र सम्वर्द्धनका लागि नेपाल सरकारले बिगत बर्षदेखि विभिन्न तहमा सञ्चालन गर्दै आएका अभियानहरुलाई जिम्मेवार र संवेदनशील भएर प्रवर्द्धन गर्दै लगिने छ ।
- वालमैत्री गाउँपालिकामा जोड दिइने ।
- अपांगता भएका बालवालिकाको लागि विद्यालयमा छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षावापतको रकम पाए नपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ ।
- दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ साथै आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गरिनेछ ।

## (थ) सेवाको गुणस्तर सुधार तथा सुशासन सम्बन्धि नीति :

- गाउँ कार्यपालिकाको कार्यालयले आफु र आफ्नो मातहतका कार्यालयहरुमार्फत सेवा प्रवाह गर्ने
- सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने
- भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

## (द) प्रशासनिक सुधार तथा पुरस्कार तथा दण्ड सम्बन्धि नीति :

- .कर्मचारीहरुलाई **"बढी काम बढी सुविधा**"को सिद्धान्तअनुसार सेवा सुविधा उपलब्ध गराइने छ ।
- यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्न कार्य जीवनको गुण अभिबृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ ।
| विकासमा समान सहभागिता | निर्वाचन सम्पन्न भएको । | निर्वाचित जनप्रतिनिधीले गाउँगाउँ गई योजना छनोट गरिएको | नागरीकहरूको विकास प्रति अपनत्व बोध सिर्जना भएको । |
| **सार्वजनिक सेवा प्रवाह र नागरीक पँहुच** | | | |

| | | | |
|---|---|---|---|
| स्थानीय बजार पुग्न लाग्ने समय | बढिमा २ घण्टा सम्म | गाउँ क्षेत्रमा बजार विस्तारको लागि पहल भएको । गाउँपालिका क्षेत्रमा लाग्ने हाटबजारको फोहोर व्यवस्थापनमा जोड दिइएको । | स्थानीय बजार विस्तार र व्यवस्थापन । |
| कृषि सेवा जान लाग्ने समय | ग्रामिण जनताको पहुँच कम थियो । | कृषि शेवा केन्द्रको सेवा विस्तारको लागि पहल भई रहेको । | स्थानीय कृषक र गाउँपालिका बीचमा समन्वय र हकार्यको बातावरण सिर्जना भएको । |
| सिमान्तकृत समुदाय/बर्ग निजहरुले पाएको सेवा र अवसहरु | सामाजिक सुरक्षा कार्यक्रम मा प्रभाबकारीता कम थियो । | सहिदभूमिगाउँ क्षेत्रका सवै सामाजिक सुरक्षा भत्ता लिने व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयालाई व्यस्थापन गरिएको हो । | समयमै सबैले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका |
| **स्थानीय तहको संस्थागत क्षमता विकास** | | | |
| | **आ.व. ०७३।०७४** | **आ.व. ०७४।०७५ प्रयासहरु** | **उपलब्धि** |
| जनशक्ति विकासमा भएका प्रयासहरु | गाविस सचिवको भरमा | कार्यालय प्रमुख<br>प्रशासन<br>अर्थिक प्रशासन<br>वडा सचिव १<br>वडा सचिव २<br>वडा सचिव ३<br>वडा सचिव ४<br>वडा सचिव ५<br>वडा सचिव ६<br>स्टोर प्रमुख<br>वडा सचिव ७<br>सुचना प्रविधि<br>शिक्षा<br>प्राविधिक<br>”<br>बालबालिका तथा महिला<br>कृषि | गत वर्षको तुलनामा आ.व. ०७४।०७५ मा सम्पुर्ण शाखा उपशाखाहरू स्थापना भई काम सुरूवात भएको तथ्याङकले देखाउछ । |

| | | | |
|---|---|---|---|
| | | "<br>"<br>"<br>"<br>पशु<br>"<br>"<br>"<br>स्वास्थ्य<br>"<br>आर्युवेद<br>प्राविधिक (भूकम्प)<br>प्राविधिक (भूकम्प)<br>गाउँपालिका कार्यालय<br>"<br>"<br>वडा कार्यालय १<br>" २<br>" ३<br>" ४<br>" ५<br>" ६<br>" ७ | |
| नीति तथा कार्यक्रमहरु | केन्द्रकै निति तथा कार्यक्रमको भर मा काम गर्नु पर्ने अवस्था थियो | • शहिदभूमि गाउँपालिकाको स्थानीय सरकारले यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने,<br>• स्थानीय जनतालाई योजना तर्जुमाका साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने,<br>• मागमा आधारित र यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन | गरिविको तथ्याङक निकालिएको ।<br>अवस्था सहितको घरधुरीको तथ्याङक निकालिएको ।<br>इन्धनको प्रयोगको अवस्था विवरण निकालिएको ।<br>उपलब्ध सेवा सुविधाको आधारमा घर परिवार विवरण निकालिएको । |

| | | | |
|---|---|---|---|
| | | गरी यस क्षेत्रका जनताको गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिइएको छ । <br><br> सूचना प्रविधिको प्रयोगलाई आत्मसाथ गर्दै विद्युतिय सुशासनको प्रत्याभूती गाउँवासीमा दिलाउने उद्देश्यले आय राजश्व, खर्च लेखा र व्यक्तिगत घटना दर्तालाई सफ्टवेरमा आवद्द गरी सार्वजनिक सेवालाई चुस्त छिटो छरीतो र प्रविधी मैत्री बनाउने प्रयास गरिएको । | गाउँपालिकाकाको पार्श्वचित्र निर्माण सम्पन्न भई सम्पूर्ण तथ्याङ्क निकाल्न सफल भएको । <br> सडक स्तरोन्नती र मर्मत सम्भारमा विशेष प्राथमिकता दिइएको देखियो । <br> सामाजिक क्षेत्रका विशेष सीप विकास, आयआर्जन र क्षमता विकास कार्यक्रमहरुबाट महिला, वालवालिकाहरु, र लक्षित वर्ग प्रत्यक्ष लाभान्वित भएको देखियो । <br> साक्षर गाउँपालिका घोषणा सम्पन्न भएको । <br> पुर्ण खोप सुनिश्चीत गाउँपालिका घोषणा भएको । <br> पर्यटकिय स्थलहरुको तथ्याङ्क सङ्कलन गरिसकिएको । <br> सर्म्पुण व्यवसायलाई करको दायरमा ल्याउने प्रयास गरिएको । <br> सार्वजनिक जग्गाको संरक्षण गरी बृक्षारोपणलाई अभियानको रुपमा संचालन गरीएको छ । <br> पिछडावर्गको तथ्यांक संकलन गरी लगानीका लागि आधार तयार गरेको । |
| भौगोलिक अवस्था | केन्द्रकै बजेटको भरमा काम भएको | वितिय सामानिकरण । ससर्त अनुदान को अलवा आन्तरिक श्रोत को पहिचान गर्न सुरूवात भएको । | भौतिक पूर्वाधार विकासमा प्रभावकारीता आएको । |

| | | | |
|---|---|---|---|
| समन्वय र सहकार्य | स्थानीय निकायले जिल्ला संगको सहकार्य पहिलो प्राथमिकतामा थियो । | गाउँपालिकाले गर्ने हरेक काम कारबाहीमा कार्यपालिका र गाउँसभा संचालन गर्ने गरेको पाईयो । | सहमागितामूलक विकास व्यवस्थापन प्रकृयामा गाउँपालिका गएको । |
| **स्थानीय तहको कृषि प्रशार सेवा सम्बन्धि** | | | |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत बर्षको अबस्था ( आ.व. २०७३□०७४ को)** | **प्रयासहरू** | **उपलब्धी** |
| सहकारी खेति साना सिचाई तथा मल विउ ढुवानी | कृषि इकाई नै नभएको जिल्ला कृषि कार्यालय बाट नै सेवा प्रदान गरिएको सरकारको प्रत्यक्ष संलगनता कम पाईएको । | • कृषि शाखा नै संचालनमा आएको ।<br>• अधिकृत स्तरको कर्मचारी साथै<br>• प्राविधिक सेवा उपलब्ध गराई उत्पादनमा सुधार भएको । | आ.व.०७४।०७५मा बिभिन्न कार्यक्रम सम्पन्न भएको । प्लास्टीक पोखरी निर्माण गरी टमाटर उत्पादनमा वृद्धि<br>विउ अनुदान बाट उत्पादनमा वृद्धि<br>समयमै विउको खोजी गरी वितरण गर्ने लक्ष, बालिहरूमा देखिएको रोग नियन्त्रण गर्ने प्रयास |
| नगदे बालि | कृषकले आफ्नै भरमा कार्यक्रम संचालन गरेका थिए | • प्राविधिक सहितको घुम्ती तालिम संचालन भएको । | उत्पादन बृद्धि हुदै गरेको |

| | | | |
|---|---|---|---|
| | । | | |
| तरकारी तथा बालि विकास कार्यक्रम | जिल्लाकै भर पर्नु परेको | • स्थनीय स्तर बाटै नगदे बालिको पहिचान गर्न सुरुवात गरिएको । | बिरूवाहरू वितरण लाई तिब्रता दिइएको उत्पादन बृद्धि भएको |
| माटो परीक्षण तथा सेवा सुधार कार्यक्रम | प्रभावकारी कार्यक्रम नभएको | • फलफुलका विरुवा वितरण ।<br>• माटो सुहाउदो बालिको खोजि भएको | एभोकाडोको व्यवसाय गर्न सकिन्छ भन्ने सोचको विकास |
| कृषिप्रसार कार्यक्रम | जनता लाई थाहानै नभएको | सहुलियत विउ वितरण गरिएको । | पानी भण्डारणको सोचको विकास भएको |
| **स्थानीय तहको पशु सेवा सम्बन्धि** | | | |
| पशु विकास कार्यक्रम | जिल्ला बाट सामान्य कार्यक्रम सुरूवात भएको । | अन्तरक्रिया तथा छलफल गाउँ गाउँमा गरिएको<br><br>गाउँगाउँमा नस्लसुधार कार्यक्रम सुरूवात भएको | पशु र मानिसको विच पशु द्धारा उत्पादनमा वृद्धि भई अर्थतन्त्रमा सुधारको सुरूवात, पशु व्यवसाय पनि उद्योग हो भन्ने सोचको विकास |
| पशु आहारा सेवा | कुनै तथ्याङक नभएको । | आवश्यकताको पहिचान भएको ।<br><br>गाउँ गाउँमा वितरण जनचेतना अभिबृद्धि गरिएको । | उन्नतजातको घाँस वितरण गर्न उत्पादनमा वृद्धि, पशुलाई पनि सन्तुलित आहाराको |

| | | | |
|---|---|---|---|
| | | | आवश्यकता हुन्छ भन्ने सोचको विकास, |
| पशु स्वास्थ्य नियमन कार्यक्रम | सामान्य कार्यक्रम संचालन गरिएको । | तालिम संचालन गरिएको अन्तरक्रिया गरिएिको | पशु सेवा कार्यक्रममा जुनोटीक गोस्टी जस बाट पशु वाट मानिसमा र मानिस बाट पशुमा सर्ने रोगको बारे चेतनामा वृद्धि |
| पशु सेवा प्रसार कार्यक्रम | जिल्ला स्तरबाट सामान्य प्रचार भएको । | टोल टोलमा गई रेविज विरूद्ध खोप कार्यक्रम संचालन गरिएको | रेविज खोप र रेविज रोगको बारेमा जनचेतनामा वृद्धि र रोगको नियन्त्रणको सुरूवात |
| **पुनर्निर्माण प्राधिकरण सहिदभूमि गा.पा.** | | | |
| १७६ पुर्णरूपमा निमार्ण गर्नुपर्ने | | १४६ ले पहिलो किस्ता लिन सफल | ४९ दोस्रो किस्ता लिन सफल |

## १२. गतवर्ष भोगेका विषयगत क्षेत्रका  समस्या र समाधानका उपायहरु :

**(क) स्थानीय तहको पुन निर्माण सम्बन्धि  समस्याहरू :**

- ❖ मापदण्ड भन्दा पनि आफ्नो सोचले घर निर्माण गर्न प्रयास गर्नु ।
- ❖ भौगोलिक विकटताका कारण घरघर सम्म जान समस्या ।
- ❖ तालिम प्राप्त जनसक्तिको अभाव ।
- ❖ अनुदान भन्दा मुल्य वढि लाग्नु ।

- ❖ तथ्याङ्कमा भत्काउनु नपर्ने घरहरु पनि हुनु र भत्काउन समस्या रहनु ।

**(ख) पुन:निर्माण सम्बन्धि सुधारको लागि चाल्नुपर्ने पाइलाहरु ।**

- ❖ सम्झौता नहुनेको चाडो सम्झौता गराउने ।
- ❖ पहिलो किस्ता लिइसकेका को लागि ताकेताको सुरुवात ।

**(ग) स्थानीय तहको स्वास्थ्य सेवा शाखा सम्बन्धि समस्याहरू**

- ❖ पर्याप्त वर्थिङ सेन्टर (प्रशुति गृह) नहुनु ।
- ❖ जनसङ्ख्याका आधारमा दक्ष प्राविधिक नहुनु
- ❖ भौगोलिक विकटता हुनु
- ❖ रुढीवादि परम्परा कायम नै रहनु
- ❖ कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था नहुनु ।
- ❖ नेपाल सरकारले निर्धारण गरे अनुसारको आधारभुत स्वास्थ्य सेवा लिनको लागि स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रमलाई पूर्ण प्रभावकारी बनाउन नसकिएको ।
- ❖ जनप्रतिनीधि सँग श्रोत परिचालन गर्ने अधिकार भएको तर भौगोलिक विकटता र पर्याप्त स्वास्थ्य संस्था नभएको अबस्था ।
- ❖ एकीकृत रुपमा निजी तथा अन्य स्वास्थ्य संस्थाहरुबाट गरिएको कामको प्रगति अद्यावधिक हुन नसकेको ।

**(घ) भावी कार्यकम संचालनको लागि चाल्नु पर्ने कदमहरु र सुझावहरु :**

- ❖ भौगोलिक बिकटतालाई मध्यनजर गरि स्वास्थ्य सेवाको पहुच पुऱ्याउन सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्ने लक्ष राख्नुपर्ने ।
- ❖ एम्बुलेन्स संचालन गर्ने उदेश्य राख्नुपर्ने ।
- ❖ सके सम्म सुत्केरी गराउने महिलालाई स्वास्थ्य संस्थामा नै गराउने लक्ष राख्नुपर्ने ॥
- ❖ पुर्ण खोप लाई निरन्तरता दिनुपर्ने ।
- ❖ समयमै औषधी, उपकरण तथा आवश्यक जनशक्तिको व्यवस्थापन गरिनु पर्ने ।
- ❖ कुन कुन रोगका लागि कस्ता खालका अैषधि आवस्यक पर्ने हो पुर्ण सेर्वेक्षण गरी मात्र औषधि खरीद प्रकृया अगाडि बढाउनु पर्ने ।
- ❖ सरकारी तथा निजी सवै स्वास्थ्य संस्थाहरुको तर्फबाट उपलव्ध गराईएका स्वास्थ्य सेवाहरुलाई समयमै एकीकृत गरी विवरण अद्यावधिक गरी राख्नु पर्ने ।
- ❖ कार्यक्रम र सेवाको विस्तार भए वमोजिम जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था हुनु पर्ने ।

- ❖ स्वास्थ्य सेवा लिन तथा सरकारले तोकेको आधारभुत सेवा लिनको लागि स्थानीयस्तरमा प्रचारात्मक कार्यलाई थप प्रभावकारी बनाई सामाजिक सहजीकरणमा प्राथामिकता दिनु पर्ने ।
- ❖ निर्वाचित जनप्रतिनिधि र कर्मचारीको जिम्मेवारी तोक्ने सम्बन्धमा देखिएको समस्या समाधान हुनु पर्ने
- ❖ आवाधिक रुपमा व्यवस्थापन समितिको निर्वाचन वा मनोनयनबाट व्यवस्थापन हुने प्रवन्ध हुनु पर्ने ।
- ❖ कर्मचारीको कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कारको प्रवन्ध व्यवस्थापन समितिले गर्न सक्ने कानूनी व्यवस्था हुनु पर्ने ।
- ❖ सबै नागरिकले स्वास्थ्यको सरल पहुँच पुऱ्याउन सामुदायिक स्वास्थ्य संस्था थप गर्नुपर्ने।

**(ङ) स्थानीय तहको कृषि प्रशार सेवा सम्बन्धि समस्याहरू :**

- ❖ उत्पादन वृद्धि भएपनि कृषि बजारको अभाव रहनु ।
- ❖ स्पष्ट कानुन र कार्यविधिको अभाव
- ❖ कार्यालयले सेवा दिने कुरामा उपभोक्ता संग समन्वयमा समस्या ।
- ❖ समयमा नै उपभोक्ता समिति निर्माण हुन नसक्नु र भौगोलिक बिकटता रहनु।
- ❖ समयमा नै गुणस्तरीय कृषि सामग्री उपलब्ध हुन नसक्नु ।
- ❖ आवश्यक बजेटको अभाव रहनु

**(च) स्थानीय तहको कृषि प्रशार सेवा सम्बन्धि सुधारको लागि चाल्नुपर्ने पाइलाहरु ।**

- ❖ पानीको स्रोतको खोजी गर्नुपर्ने ।
- ❖ विशिष्ठ प्राविधिकहरुको आवस्यकताको पूर्ति गर्नुपर्ने ।

**(छ) स्थानीय तहको पशु सेवा सम्बन्धि समस्याहरू**

- ❖ उत्पादन वृद्धि भए पनि बजारको अभाव ।
- ❖ विशिष्ठ पर्यापप्त प्राविधिको कमिले नयाँ देखिने रोगहरुको नियन्त्रणमा समस्या ।
- ❖ जनस्तरमा रोग लागेपछि चाडै प्राविधिकलाई जानकारी नगराउने समस्या ।

**(ज) स्थानीय तहको पशु सेवा सम्बन्धि सुधारको लागि चाल्नुपर्ने पाइलाहरु ।**

- ❖ पशु विमाको प्रभावकारी कार्यन्वयन ।
- ❖ जनचेतनामा वृद्धि ।

**सामाजिक परीक्षकको नाम : बाबुराम निरौला**
**दस्तखत :**
**संस्थाको नाम : एकता मिडिया प्रा.लि.रेडियो सुसेली**
**मिति : २०७५**

# कार्यविधिको अनुसूचि ३ अनुसारको विवरण

## सहिदभूमि गाउँपालिका धनकुटा
## आर्थिक वर्ष २०७४/०७५ को

# सामाजिक परीक्षक प्रतिवेदन
# बृहत सभामा प्रस्तुत गरिएको

### १३. विषयगत कार्यालयले सम्पादन गरेका कार्यको लेखाजोखा विवरण :

### (क) स्वास्थ्य तर्फ

**(अ) लक्ष्य :**

- ❖ मृत्यूदर घटाउने र स्वस्थ जनशक्ति तयार गर्ने ।
- ❖ जनस्वास्थ्य सेवाको विस्तारबाट ग्रामिण जनसमुदायको स्वास्थ्य अवस्थामा सुधार गर्नु ।
- ❖ आम गाउँवासी नागरीकहरुलाई उनिहरुको समग्र स्वास्थ्यमा सुधार ल्याई स्वास्थ्य जीवन यापन गर्न मद्धत गर्ने ।
- ❖ सेवाको पहुँच नपुगेका वर्ग, लिंग, क्षेत्र, जातजातिको पहिचान गरी उनिहरुलाई आधारभूत स्वास्थ्य सेवाहरु प्रदान गर्नु ।

**(आ) मूख्य उद्देश्य :**

- ❖ बाल तथा मातृ मूत्युदर घटाउने ।
- ❖ राष्ट्रिय कार्यक्रमहरुलाई सफल तुल्याउने ।
- ❖ संविधान प्रद्धत्त स्वास्थ्य सम्बन्धि हकको कार्यान्वयमा सहयोग गर्ने ।
- ❖ नागरिकहरुमा औषधि आपूर्ती बढाउनको लागि बिभिन्न सर्ने तथा नसर्ने रोगबाट बचाउन तथा अन्य सेवाहरु प्रदान गरी स्वास्थ्य रहन चेतना अबिबृद्धि गर्ने ।

- ❖ स्वास्थ्य स्तर प्रवर्धन गर्ने
- ❖ स्वास्थ्य संजालहरुको माध्यमबाट स्वास्थ्य संरक्षणात्मक, प्रवर्द्धनात्मक र निदानात्मक सेवा उपलब्ध गराउनु ।
- ❖ स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुबाट रोग नियन्त्रण गर्नु ।
- ❖ रोगीको संख्यामा कमि ल्याउने ।

**(इ) आ.व. ०७४/०७५मा संचालित विकास योजना तथा कार्यक्रमको विवरण :**

| **आयोजनाको नाम** | **लक्ष्य** | **उपलब्धी** | **कैफियत** |
|---|---|---|---|
| एकिकृत प्रजनन् तथा महिला स्वास्थ्य | • सुरक्षित मातृत्व कार्यक्रम<br>• परिवार नियोजन कार्यक्रम<br>• महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम संचालन गर्न । | सुरक्षित सुत्केरी गराउने आमाहरुको संख्या बढेको छ । | |
| स्थानीय तहमा जनसंख्याको व्यवस्थापन सम्बन्धी कार्यक्रम | स्वास्थ्य कर्मीहलाई लैङ्गिक हिंसा र समावेशीकरण सम्बन्धी तालिम प्रदान गरिएको | स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई लैङ्गिक हिंसा र समावेशीकरण सम्बन्धी तालिम प्रदान गरिएको | |

**(ई) सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

- ❖ महिला स्वास्थ्य स्वयमसेवीकाहरुलाई थप ज्ञान सीप र क्षमताको लागि विभिन्न प्रकारको तालिम दिई समुदायस्तरमा काम गर्ने जनशक्तिको विकास गरेको ।
- ❖ जनचेतनामुलक कार्यक्रमलाई थप प्रभावकारी बनाउन विभिन्न संचार माध्यमको प्रयोग गरिएको ।
- ❖ स्वास्थ्य संस्थाहरुलाई सुदुढिकरण गर्न विभिन्न सहयोगात्मक एवं व्यवस्थापीकय क्षेत्रमा विशेष कार्यक्रम संचालन गरिएको ।
- ❖ गाउँपालिका भित्रै स्वास्थ्य शाखा स्थापना भई विभिन्न उपचारात्मक तथा सचेतनामुलक कार्यक्रमलाई स्वास्थ्य संस्थाहरुको माध्यमबाट संचालन गर्ने प्रकृयालाई प्रभावकारी सुरुवात भएको ।
- ❖ निर्वाचित जनप्रतिनीधिले सुधारका तात्कालिन तथा दिर्घकालिन कार्यक्रमहरु बनाई गाउँपालिका वडा कार्यालय र स्वास्थ्य संस्था संग सहकार्यको सुरुवात भएको ।

**(उ) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :**

- ❖ कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था नहुनु ।
- ❖ नेपाल सरकारले निर्धारण गरे अनुसारको आधारभुत स्वास्थ्य सेवा लिनको लागि स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रमलाई पूर्ण प्रभावकारी बनाउन नसकिएको ।
- ❖ जनप्रतिनीधि सँग श्रोत परिचालन गर्ने अधिकार भएको तर भौगोलिक विकटता र पर्याप्त स्वास्थ्य संस्था नभएको अबस्था ।
- ❖ एकीकृत रुपमा निजी तथा अन्य स्वास्थ्य संस्थाहरुबाट गरिएको कामको प्रगति अद्यावधिक हुन नसकेको ।

**(ऊ) भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कदमहरु र सुझावहरु :**

- ❖ समयमै औषधी, उपकरण तथा आवश्यक जनशक्तिको व्यवस्थापन गरिनु पर्ने ।
- ❖ कुन कुन रोगका लागि कस्ता खालका औषधि आवस्यक पर्ने हो पुर्ण सर्वेक्षण गरी औषधि खरीद प्रकृया अगाडि बढाउनु पर्ने ।
- ❖ सरकारी तथा निजी सवै स्वास्थ्य संस्थाहरुको तर्फबाट उपलव्ध गराईएका स्वास्थ्य सेवाहरुलाई समयमै एकीकृत गरी विवरण अद्यावधिक गरी राख्नु पर्ने ।
- ❖ स्वास्थ्य सेवा लिन तथा सरकारले तोकेको आधारभुत सेवा लिनको लागि स्थानीयस्तरमा प्रचारात्मक कार्यलाई थप प्रभावकारी बनाई सामाजिक सहजीकरणमा प्राथामिकता दिनु पर्ने ।
- ❖ निर्वाचित जनप्रतिनिधि र कर्मचारीको जिम्मेवारी तोक्ने सम्बन्धमा देखिएको समस्या समाधान हुनु पर्ने
- ❖ आवाधिक रुपमा व्यवस्थापन समितिको निर्वाचन वा मनोनयनबाट व्यवस्थापन हुने प्रवन्ध हुनु पर्ने ।
- ❖ कर्मचारीको कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कारको प्रवन्ध व्यवस्थापन समितिले गर्न सक्ने कानूनी व्यवस्था हुनु पर्ने ।
- ❖ सबै नागरिकले स्वास्थ्यको सरल पहुँच पुऱ्याउन सामुदायिक स्वास्थ्य संस्था थप गर्नुपर्ने ।

**(ख) शिक्षा तर्फ**

**(अ) लक्ष्य :**

- ❖ शिक्षाको गुणस्तरमा सुधार गर्नु ।
- ❖ समावेशीकरण र सभागितामा वृद्धि गर्नु ।
- ❖ सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु ।
- ❖ शिक्षामा पहुँच नपुगेका व्यक्ति तथा समूहहरुको शिक्षामा पहुँच वृद्धि गर्नु ।

**(आ) मूख्य उद्देश्य :**

- ❖ गुणस्तर सुधारका लागि शैक्षिक सामाग्री, शिक्षक तालिम र निरन्तर विद्यार्थी मुल्यांकन गर्नु ।
- ❖ समावेशी तथा सभागिताका लागि अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति, खाना र महिला शिक्षकको नियुक्तिमा जोड दिनु ।
- ❖ पहुँचका लागि छात्रवृत्तिको व्यवस्था, शौचालय, विद्यालय भवन, फर्निचरको व्यवस्था गर्नु ।
- ❖ क्षमता अभिवृद्धिका लागि विभिन्न शैक्षिक सामाग्री तथा शिक्षकहरुलाई तालिम र निरन्तर विद्यार्थी मुल्यांकन गर्नु ।

**(इ) आ.व. ०७४/०७५ मा संचालित विकास योजना तथा कार्यक्रमको विवरण शिक्षा सम्बन्धि**

| **आयोजनाको नाम** | **लक्ष्य** | **उपलब्धी** | **कैफियत** |
|---|---|---|---|
| विद्यालय क्षेत्र सुधार योजना | ♣ विद्यालय उमेरका सबै बालबालिका बिद्यालय जाने छन् ।<br>♣ लैगिंक अनुपान अनुसर अनुकुल हुनेछ ।<br>♣ विद्यालय छोड्ने दर अत्यन्त न्यून वा सुन्य हुनेछ ।<br>♣ सिकाई पद्धतीलाई समयानुकुल सुधार गरीनेछ ।<br>♣ आवश्यक पूर्वाधारहरुको व्यवस्था गरीनेछ ।<br>♣ शिक्षकहरुलाई तालिमको व्यवस्था गरीने छ ।<br>♣ अनुसाशित जनशक्ति तयार गरीनेछ । | ● भर्नादर बढेको<br>● लैगीक अनुपान अनुकुल रहेको ।<br>● विद्यालय छोड्ने दर न्यून भएको ।<br>● तालिम प्राप्त शिक्षकको संख्या बढोत्तरी<br>● विद्यालय पूर्वाधार नयाँ निर्माण तथा मर्मत सम्भार गरीएको ।<br>● लैगिंक मैत्री शौचालय निर्माणका कार्यक्रम सुरुवात भएको । | विभिन्न विद्यालयमा गई जानकारी लिई सोही आधारमा उल्लेख गरीएको । |
| शिक्षा गुणस्तर सुधार का प्रयास | ♣ शिक्षकहरुलाई तालिम प्रदान गर्ने ।<br>♣<br>♣ व्यवस्थापन समितिद्वारा नियमनको व्यवस्था ।<br>♣ पूर्वाधार निर्माण गर्ने ।<br>♣ छात्रबृत्ति प्रदान गर्ने ।<br>♣ शिक्षण सिकाई प्रकृयालाई व्यवहारी बनाउने ।<br>♣ अभिभावक हरुमा जिम्मेवार संस्कारको विकास गर्ने ।<br>♣ अभिभावक र विद्यालयको | ❖ शिक्षण प्रकृयामा सुधार भएको ।<br>❖ व्यवस्थापन समितिको काम कारबाही प्रभावकारी भएको ।<br>❖ पूर्वाधार निर्माणमा गाउँपालिकाले लगानी गरेको ।<br>❖ सबै बिद्यालयमा खेलकुद सामाग्री तथा शैक्षिक सामाग्री वितरण | विभिन्न विद्यालयमा गई जानकारी लिई सोही आधारमा उल्लेख गरीएको । |

| | | | |
|---|---|---|---|
| | विचमा दोहोरो संवादको अवस्था सृजन ागर्ने । | | |

**(ई) .सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- ❖ साक्षर गाउँपालिका घोषणा गरिएको ।
- ❖ नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गाउँपालिका घोषणा गर्ने कार्यका लागि काम सुरुवात गरिएको ।
- ❖ संचालन भएका भौतिक पूर्वाधार निर्माण, विद्यालय सुधार, बाल विकास कार्यक्रमहरुको नियमित अनुगमन र पृष्ठपोषण प्रदान गरिएको साथै बाल विकास तथा क्षमता विकासका लागि काम गरीएको ।
- ❖ सबै विद्यालयहरुले आफ्नो विद्यालयको विषयगत कक्षागत र तहगत सिकाई उपलब्धि निकाली आगामी वर्षका लागि प्रक्षेपण योजना अध्यावधिक गरी कार्यान्वयन गर्न जननिर्वाचित मार्फत पहल भएको ।
- ❖ स्थानीय स्तर बाट नीजि श्रोतमा व्यवस्थापन समितिको पहल र निर्णयमा शिक्षक व्यवस्थापन भएको ।

**(उ) सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| समावेशी शिक्षा | गाउँमा रहेका कूल बालबालिका मध्ये द्वन्द्व पिडित, दलित, अपाङ्ग, आदिबासी समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँच न्यून भएको हुँदा शिक्षामा लक्षित वर्गको सहभागितामा वृद्धि गर्ने उद्देश्यले विभिन्न तहमा छात्रवृत्ति प्रदान गरीएको । |
| पहुँच अभिवृद्धि | • दलित, छात्रा, द्वन्द्व पीडित तथा लक्षित समूहलाई छात्रवृतिको व्यवस्था गरिएको ।<br>• आधारभूत देखि मा.वि सम्मको पाठ्यपुस्तक वितरण गरिएको ।<br>• बाल विकास केन्द्र मार्फत बाल शिक्षा संचालन गरीएको ।<br>• आधारमूत  मा.वि.मा शिक्षाको पहुँच बढ्दो । |
| समावेशिकरण | • सकारात्मक विभेद र आरक्षणका कारणले शिक्षकहरुको संख्यामा व्यवस्थापन हुँदै गएको ।<br>• अनिवार्य तथा नि:शुल्क शिक्षा, छात्रबृत्ति सरकार तथा स्थानीय तह एवम गैससको विभिन्न पहलहरुका कारण सबै जाती भाषा धर्म र |

| | |
|---|---|
| | संस्कृतिका विद्यालय उमेरका बालबालिका विद्यालय जान थालेका । |
| गुणस्तरीय सुधार | ● सामुदायिक विद्यालयका सत प्रतिशत शिक्षकहरुले तालिम प्राप्त गरेको । तर लगानीको अनुपातमा नतिजा उल्लेख्य नभएको ।<br>● संस्थागत विद्यालय तर्फ सतप्रतिशत शिक्षकले तालिम प्राप्त गरेको रेकर्ड नपाईएको । तर लगानीका अनुपातमा प्रतिफल उल्लेख गर्न लायक भएको ।<br>● सरकारी तथा नीजि श्रोतबाट समेत व्यवस्था गरी शिक्षक विद्यार्थी अनुपात राम्रो रहेको । |

**(ऊ) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :**

- ❖ शिक्षक दरवन्दी मिलान र नियमित पठनपाठनमा प्रभाव ।
- ❖ पूर्ण साक्षर र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित भएको गाउँपालिका भएपनि गुणस्तरीय शिक्षा तथा सतप्रतिशत नतिजा ल्याउन नसकिएको ।

आधुनिक सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु ।

- ❖ विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीस्वार्थ पूरा गर्ने साधनको रुपमा प्रयोग गर्नु ।
- ❖ अभिभावकहरु चनाखो नहुनु ।
- ❖ विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु ।
- ❖ व्यवस्थापन समितिमा अत्यन्त धेरै राजनैतीककरण हुनु ।
- ❖ नतिजामा आधारीत दण्ड र पुरस्कार प्रणाली लागू नहुँदा शिक्षा क्षेत्रमा स्वच्छन्दता मौलाउनु ।
- ❖ शिक्षक विद्यार्थी अनुपात र भौतिक पूर्वाधारको अबस्था वीच तादम्यता नहुँदा कतिपय विद्यालयमा विद्यार्थी अत्यन्त न्यून हुनु । कतिपय विद्यालयमा अत्यन्त धेरै हुनु ।
- ❖ मध्यम तथा उच्च बर्गका छोरा छोरीलाई सामूदायिक विद्यालयमा आकर्षण गर्न नसक्नु ।

**(ऋ) भावी कार्यकम संचालनको लागि चाल्नु पर्ने कदमहरु र सुझावहरु :**

- ❖ माथिल्लो तहबाट शिक्षकको तलव मात्र पठाएको थप कार्यक्रम तथा बजेट गाउँपालिका संग सम्मन्वय हुनुपर्ने ।
- ❖ एकै प्रकारका कार्यक्रम संचालन गर्ने विभिन्न तहबीच समन्वय गर्नुपर्ने ।
- ❖ स्थानीय तहले सम्बन्धित कार्यालयको प्राबिधिक सहयोगमा अनौपचारिक शिक्षाको नेतृत्व आफै गर्नुपर्ने ।
- ❖ विद्यालयहरुले स्रोत केन्द्रमा विश्वसनीय रुपमा तथ्यांकहरु उपलब्ध गराउनु पर्ने ।

- ❖ व्यवस्थापन समितिलाई राजनीतिक प्रभावबाट मुक्त राख्ने ।
- ❖ कार्य सम्पादनलाई बृत्ति विकास प्रणाली सँग जोड्ने ।
- ❖ शिक्षकहरुको कार्य सम्पादन मुल्यांकनमा ३६० डिग्री मुल्यांकन प्रणाली अवलम्बन गर्ने ।
- ❖ विद्यालयहरुलाई आपसमा आवश्यकता, औचीत्यता र विद्यार्थि शिक्षक अनुपातका आधारमा मर्ज गर्दै जाने ।
- ❖ गाउँ स्तरीय शिक्षा समितिलाई थप प्रभावकारी बनाउँदै लैजाने ।
- ❖ पूर्वाधार निर्माणमा जोड दिने ।
- ❖ प्रत्येक पाँच पाँच बर्षमा परीक्षा प्रणालीबाट शिक्षकको योग्यता मूल्यांकन गरी तालिम दिनु पर्नेलाई तालिम दिने र उपदान वा अवकास दिनु पर्नेलाई सोही व्यवस्था गर्ने ।
- ❖ विद्यालयको प्रभाव क्षेत्र भित्रका विद्यार्थी भर्ना गराउने उल्लेखित क्षेत्रका सामूदायिक विद्यालयलाई प्रदान गर्ने ।
- ❖ सामूदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकका छोराछोरीलाई सोही विद्यालयमा पठाउने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्ने ।

## (ग) विषयतगत कार्यालय कृषि सहिद भूमिगाउँपालिका

### (अ). लक्ष्यः

- कृषि तथा पशुपालन पकेट क्षेत्र घोषणा गरी कृषकहरुलाइ व्यवसायिक खेती तर्फ प्रोत्साहित गरिनेछ ।
- उन्नत र आधुनिक कृषि प्रणालिको विकास र कृषिलाई व्यवसायिकरण गरिनेछ ।

### (आ) मूख्य उद्देश्यः

- खाद्यान्न बालीको उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सम्बर्द्धन ।
- निर्यात योग्य कृषि बालीहरुको व्यावसायिकरण, प्रबर्द्धन र विकास ।
- कृषि क्षेत्रमा आयमूलक र उत्पादनशील रोजगारीका अवसरमा बृद्धिबाट गरिबी न्यूनीकरणमा टेवा ।
- कृषकहरुको आयमा बृद्धि र जीवनस्तर उकास्न सहयोग ।
- कृषकहरुले प्रयोग गर्दै आएका कम उत्पादनशील प्रविधिको सट्टा बढी उत्पादनशील नयाँ प्रविधिको प्रयोग गराउने ।
- बजारको मागका आधारमा व्यावसायिक रुपमा आउन सक्ने बालीको पहिचान, विकास र बजार प्रबर्द्धन ।
- समयानुकूल सरल, सस्तो र प्रभावकारी नयाँ प्रविधिहरु कृषक समक्ष पुऱ्याउने ।

- गुणस्तरीय वीउको पहिचान गरी खरीद गर्न लगाउने ।
- रोग र किराको पहिचान गरी विषादी प्रयोग गर्न लगाउने ।
- कृषकहरुको तालिम र क्षमता विकास ।
- कृषि विमाको प्रबन्ध ।
- कृषकहरुलाई अनुदान सहायता ।

## (उ) आ.व.०७४/०७५ मा संचालित विकास आयोजना तथा कार्यक्रमहरुको विवरणः

| आयोजना/कार्यक्रम | लक्ष्य | उपलव्धी | कैफियत |
|---|---|---|---|
| प्राविधिक सेवा उपलव्ध गराउने | • सुन्तला, बदाम, लिची,टमाटर,एबोकाडोको उत्पादन वृद्धि गर्ने | • प्राविधिक सेवा उपलव्ध गराई उत्पादनमा सुधार भएको । | |
| घुम्ती तालिम संचालन | • घुम्ती तालिम संचालन गर्ने | • घुम्ती तालिम संचालन भएको । | |
| कृषि विमा | • कृषि विमाका लागि अनुगमन गरी सिफारीस गर्ने | • कृषि विमा गर्नेको संख्या सुरुभएको । | |
| अनुदान लक्षित कार्यक्रम | • युवा लक्षित कार्यक्रम संचालन गर्ने<br>• फलफुलका विरुवा वितरण गर्ने<br>• बेमौसमी तरकारीका लागि मिनी किट वितरण गर्ने | • फलफुलका विरुवा वितरण ।<br>। | |

## (ऊ) सरोकारपक्षको चाहना तथा लक्षित बर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरु :

- सुन्तलाका विरुवा तथा एबोकाडोका विरुवाहरु अनुदानमा वितरण गरिएको
- बेमौसमी तरकारी खेतीका लागि विभिन्न तहहरुसँग मिली तालिमहरु संचालन गरीएको ।
- पर्यटकीय गन्तव्य पहिचान गरिएको ।
- विद्यालयहरुको डाटा सर्वेक्षण गरिएको ।
- सहकारीहरुको डाटा सर्वेक्षण गरिएको ।
- खोला नदिहरुको पहिचान गरिएको ।
- एकिकृत सम्पतिकर लगाउने निर्णय गरिएको ।
- जमिनको बर्गिकरण गरिएको
- गाउँपालिका सँगको साझेदारीमा कृषकहरुलाई तालिम प्रदान गरीएको ।
- युवा लक्षित कार्यक्रम संचालनका लागि प्रचार प्रसार गरीएको ।

## (ऋ) आयोजना तथा कार्यक्रम संचालन गर्दा भोगेका समस्याहरु

- सीमित साधन र असिमित मागको वीचमा तालमेल गर्न नसकिएको
- नागरीकका धेरै कृषि सँग सम्बन्धीत समस्या समाधान  गर्न नसकिएको
- कृषि विमालाई तल्लो तह सम्म पुऱ्याउन नसक्नु ।
- कृषिलाई आधुनिकीकरण र व्यवसायिकरण गर्न नसक्नु ।
- गाउँपालिकाको प्राथमिकतामा कृषि भन्दै गैह्र कृषि क्षेत्र पर्नु ।
- सीप, क्षमता र लगन हुने सँग जमिन नहुनु र जमिन हुने सँग लगन नहुनु ।
- जमिनको अत्याधिक  बाझोपन रहनु ।
- भु-उपयोग नीति लागू गर्न नसकिएको ।

## (ए) भावि कार्यक्रम र सुझावहरुः

- सुन्तलामा देखिएको रोग सम्बन्धि समस्यालाई स्थाई समाधान गरिनुपर्ने ।
- कृषि विकासका लागि स्थानीय तहले नेतृत्व लिनु पर्ने ।
- भु-उपयोग नीति लागू गर्नु पर्ने ।
- कृषिलाई आधुनीकिकरण र व्यवसायिकरण गर्न कृषकलाई ऋृण अनुदान र सहुलियत व्यवस्था हुनु पर्ने ।

- कृषि उपजको बजारीकरणका लागि सरकारी सम्यन्त्रबाट सहयोग र न्यूनतम मूल्य तोक्ने काम हुनु पर्ने ।
- कृषि विमालाई अभियानको रुपमा संचालन गर्नु पर्ने ।
- जमीनको बाझोपन रोक्नु पर्ने ।
- सिचाईको प्रवन्ध गर्नु पर्ने ।

# १४. समग्र पक्षहरु सामाजिक परीक्षण बाट हेर्दा

## (क) .सामाजिक परीक्षण बाट देखिएका सवल पक्षहरु

सामाजिक परीक्षण प्रकृयाले सामाजिक दायित्व निर्वाह गर्ने काम स्थानीय तहले कति गरिरहेको छ भन्ने लेखाजोखा गरेको छ । यो क्रममा देखिएका सवल पक्षहरु निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

- ❖ गाउँपालिकालाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गर्न सफल ।
- ❖ सहिदभूमि गाउँपालिकामा जनसहभागिता ठिकै पाईयो ।
- ❖ उपभोक्ताले पेश्की विना पनि काम गर्ने गरेको पाईयो ।
- ❖ सामाजिक परिक्षण बृहत छलफलमा गाउँबासीको उल्लेख्य तथा उत्साहजनक सहभागिता रहेको
- ❖ सामाजिक परीक्षण कार्यक्रममा मार्फत गाउँबासीबाट आएका अपेक्षालाई साधन श्रोतले भ्याएसम्म सम्वोधन गर्ने अध्यक्ष तथा प्रमुख प्रशासकिय अधिकृतको प्रतिबद्वता ।
- ❖ खानेपानी तथा सरसफाई, महिला हिंसा विरुद्धका अभियानहरु प्रभावकारी रुपमा संचालन भएको पाईयो ।
- ❖ गाउँपालिकाले गरेका कामको बार्षिक रुपमा आम सञ्चारका माध्यमबाट सार्वजनिक हुनेगरेको ।
- ❖ सहिदभूमिगाउँपालिका धनकुटामा निर्वाचित जनप्रतिनिधिहरु, क्रियाशिल राजनीतिक दलहरु, विषयगत कार्यालयहरु र नागरिक संगठनहरुबीच सहकार्य र समन्वय भएको देखिएको ।
- ❖ गाउँपालिकाले विकास आयोजनाहरु सञ्चालन गर्दा स्थानीय तह संचालन ऐन तथा आर्थिक प्रशासन नियमावलीहरुलाई ध्यानमा राखेर अघी बढेको पाईयो ।
- ❖ गाउँपालीकाको गाउँपरिषद, गाउँ तथा वडा भेला, सामाजिक परिक्षण, सार्बजनिक सुनुवाई जस्ता सार्बजनिक काममा उत्साहजनक जनसहभागिता हुने गरेको सामाजिक परिक्षणबाट देखीयो ।
- ❖ राजश्व बृद्धि गर्न सफल ।
- ❖ कार्यक्रम बजेट निर्माण गरी कार्यन्वयन गरिएको ।
- ❖ सहिदभूमि गाउँपालिकाले निर्वाचित जनप्रतिनिधिहरु, महिला सदस्य ज्यूहरु, दलित महिला सदस्य ज्यूहरु संग समन्वयगरी बजेट तर्जुमामा पूर्णतः जिम्मेवार बनाएको छ । योजना छनौट

र तर्जुमामा भाग लिई विषयगत वजेटहरु परिषदबाट स्वीकृत गराएका छन् । साथै प्राप्त बजेटहरुको कार्यान्वयन आफ्नो समितिको वडाको सिफारिसमा गराएका छन् ।

- ❖ गाउँपालिका भएको अनुभुति गाउँबासीहरुले गर्दै गरेको पाईयो ।
- ❖ गाउँपालिकाका संरचना लैङ्गीक तथा अपांगमैत्री बाटोमा अगाडि बढ्दै गरेको पाईयो ।
- ❖ गाउँको सेवा प्रवाहलाई जवाफदेही बनाउन सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, उजूरी पेटीका आदिको प्रबन्ध गरेको पाईयो ।
- ❖ बाल भेला मार्फत बालअधिकार संरक्षणका लागि काम गरेको पाईयो ।
- ❖ विपत व्यवस्थापनका लागि गाउँपालिकाले पूर्व तयारी सुरुवात गरेको पाईयो ।
- ❖ गाउँपालिकाले सेवाग्राहीको सुविधाको लागि नागरिक बडापत्र, पत्रपत्रिकाको व्यवस्था गरेको पाईयो ।

## (ख) सामाजिक परीक्षणबाट देखिएका चुनौती तथा कमि कमजोरीहरु

- ❖ यस क्षेत्रको प्रमुख सुन्तला व्यावसायिक खेतीमा गिरावट आएको ।
- ❖ यत्रतत्र छरीएर रहेको बस्तीलाई एकिकृत वस्तीको अवधारणामा नल्याइएको ।
- ❖ फोहोर व्यबस्थापनमा गाउँबासीको सहभागिता बृद्वि गर्नु चुनौतीपूर्ण रहेको ।
- ❖ साना योजनाहरु बढि हुनाले प्राविधिक अनुगमनमा तथा मूल्यांकन प्रभावकारी रुपमा गर्न नसकिएको ।
- ❖ पशुबधशालाका लागि जग्गा खोजी नगरिएको ।
- ❖ महिला,दलित जनजाति तथा पिछडिएका गरिव वर्गका लागि खास आधुनिक कृषि व्यवसायीकरणका कार्यक्रम ल्याउन नसकिएको ।
- ❖ टाडाटाडा सम्म फैलिएका वडा कार्यालयहरु संग सर्वर इन्टरनेटको पहुँच नपुऱ्याईएको ।
- ❖ गाउँपालिकाको क्षेत्र भित्र आवश्यकक रोजगारमुलक उधोगधन्दा, कलकारखाना खोजि नगरिएको।
- ❖ फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन नसकिएको ।
- ❖ कृषियोग्य भूमि बाँझो पन बढ्दै प्रयोग विहिन हुदैगएको ।
- ❖ गाउँपालिका क्षेत्रभित्रका सबै सडकहरू कच्ची तथा ग्राभेल मात्र भएको ।
- ❖ आयश्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- ❖ बढ्दो बसाईसराई दरलाई रोक्ने आधार नहुनु ।
- ❖ सार्वजनिक शौचालयको अझै पनि सुरुवात नभएको ।
- ❖ सिमित स्रोत, साधन र अशिमित नागरिक आकांक्षा बढि रहेको ।
- ❖ छिमेकी गाउँसँगको प्रतिस्पर्धा नभएको ।
- ❖ आन्तरीक श्रोतलाई पूर्वानुमान योग्य दीगो र भरपर्दो बनाउन नसकिएको ।

## १५. गाउँपालिकाका विकास सम्भावनाहरु :

### (क) कृषि

यस गाउँपालिकामा अधिकांश मानिसहरु कृषि पेशामा आत्मा निर्भर रहेका छन् भने व्यवसायिक कृषिको माध्यमवाट गाउँपालिकाको समृद्धि तर्फ उन्मुख गराउन सकेमा कृषिलाई व्यवसायीकरण गर्न गाउँमा रहेका कृषकहरुलाई उन्नत वीउ विजन, मलखाद तथा प्राङ्गारिक खेतिको लागि राज्यस्तरवाट सहयोग उपलब्ध गराउन गाउँपालिकाले विशेष योजना बनाउनु पर्ने अवश्यक्ता रहेको छ । उन्नत खालको धान, मकै अन्य वालिहरु तथा तरकारी खेतीहरुलाई प्राथमिकताका साथ आधुनिक पद्धति अनुसार सीप तालिमको उपलब्ध गराई व्यवस्थापन गर्न सकेमा यस क्षेत्रको विकासको आधार कृषि बन्न सक्ने सम्भावना देखिन्छ ।

### (ख) पर्यटन

धरातलीय बनोट, हावापानी, धर्म, संस्कृतिको विविधता अगाल्दै प्राकृतिक मनोरमले भरिपूर्ण रहेको यस गाउँपालिकाको विविधताले गर्दा समय र स्थान अनुरुप भौतिक तथा मानवीय विकासका प्रारुपहरु तयार गरी सञ्चालनमा ल्याउन आवश्यक देखिन्छ । श्रोत साधन तथा सीप र श्रम सदुपयोग गरी यस क्षेत्रको विकास गर्न सकेमा जस्तै होम-स्टे सञ्चालन गर्ने, होटल व्यवसाया खोल्ने, विभिन्न क्षेत्रको भौगोलिक वनावट अनुसार मानव निर्मित सीप प्रयोग गरी र त्यसको व्यवस्थापन गर्न सकेमा पर्यटन क्षेत्रको विकास गर्ने प्रचुर भौगोलीक विविधत ठाउँहरु प्रसस्तै मात्रामा रहेका छन । पर्यटन क्षेत्रको विकास गर्न सकेमा गाउँपालिकाको विकासको सम्भावना देखिन्छ ।

### (ग) पशुपालन

यस क्षेत्रमा ब्यवसायिक रुपले स्थानीय श्रोत साधन सीप र श्रमलाई उपयोग गरेर उन्नत खालको दुधालु गाई, खसी, बोका, बाख्रा, सुंगुर, बंगुर, लोक्कल कुखुरा,ब्रोइलर कुखुरा, माहुरी पालन, जस्ता व्यवसायहरुलाई सीप तथा तालिम दिएर व्यवस्थापन गर्न सकेमा यस व्यवसायवाट थप आम्दानी गर्न सक्ने सम्भावना देखिन्छ ।

### (घ) जलविद्युत

यस क्षेत्रमा भएका ठूला ठूला जलाधार क्षेत्रहरुमा स्थानीय तहको श्रोत साधन तथा सीप र श्रमलाई योजनावद्ध रुपमा सदुपयोग गर्नसकेमा जलाधार क्षेत्रवाट स्थानीय वासिलाई पर्याप्त खेतिपाती गर्न सिंचाईको व्यवस्था गर्ने र जल विद्युत उत्पादन गर्नसकेमा जलाधार क्षेत्रको सदुपयोग हुने र यस क्षेत्रको आर्थिक अवस्थामा पनि राम्रो सुधार हुने देखिन्छ । यस क्षेत्रमा यस्ता जलाधार क्षेत्रहरु प्रचुर मात्रामा रहेका छन् जस्ले गर्दा यस क्षेत्रको विकास गर्न सकेमा गाउँपालिकाको विकासको सम्भावना देखिन्छ ।

## (ङ) सीप तथा तालिम

यस गाउँपालिकामा अधिकांश मानिसहरु कृषि पेशामा आत्म निर्भर रहेका छन भने केही मानिसहरु बैदेशिक रोजगारीमा गएका छन्, केही मानिसहरुले साधारण व्यापार व्यवसाय गरेर जिवन निर्वाहा गर्दै आएका छन । केहि मानिसहरु पशुपालन गर्दै आएका छन । विभिन्न खालको सीप तथा तालिमको उपलब्धता गराउन सकेमा यस क्षेत्रमा ब्यवसायिक रुपले स्थानिय श्रोत साधन सीप र श्रमको सदुपयोग, रोजगारीता तथा आर्थिक स्थिति सुधार हुन सक्ने सम्भावना रहेको छ ।

## (च) सडक

यस गाउँपालिकाको सबै वस्तिहरुमा सडक बनेका छैनन बनेका कच्ची सडकहरु पनि अव्यववस्थित छन् सडकमा ढल तथा नालाको कुनै व्यवस्था गरिएको छैन । खोला नालामा पुलपुलेसाको राम्रो व्यवस्था पनि छैन । त्यसैले विकासको पहिलो प्राथमिकता सडकलाई दिनुपर्ने आवश्यक्ता देखिन्छ । वाटो घाटो सडकको राम्रो विकास गर्न सकेमा यस ठाउँमा उत्पादन भएका कृषि उपजहरुको बजार निकासि भई गाउँपालिकाको आर्थिक श्रोतमा वृद्धि हुँदै जाने सम्भावना रहेको देखिन्छ ।

## (छ) यातायात

गाउँपालिकाको सबै वडाहरुमा यातायातको पँहुच पुऱ्याउन सकेमा कृषि क्षेत्रमा उत्पादन भएका उपजहरु, दुग्ध जन्य वस्तुहरु, मासु जन्य खसी, वोका, राँगा, भैसी, कुखरा, हाँस, फलफुलहरु जस्ता विभिन्न वस्तुहरु वजार लगेर उचित मूल्यमा वेच विखन गर्न पाउने सम्भावना रहेको देखिन्छ ।

## १६. सामाजिक जिम्मेवारी पुरा गर्न सहिदभूमिगाउँपालिकाले चाल्नुपर्ने कदम वा सुझावहरु

| योजना | लगानी | लाभान्वित | उपलब्धी | निस्कर्ष |
|---|---|---|---|---|
| पुर्वाधार तर्फ | पहिलाको तुलनामा धेरै | धेरै | बसाई सराई दर बढ्दो | वितरण मुखि बजेट नै पहिलो समस्या हो |
| सामाजिक विकास तर्फ | पहिलाको तुलनामा धेरै | धेरै | बेरोजगारी को संख्यामा कमि नआएको । | आवश्यकता भन्दा पनि विलासिताको सोचको विकास भएको । |
| शिक्षा | पहिलाको तुलनामा धेरै | धेरै | शिक्षाको गुणस्तरमा सुधार नआएको । | सक्षम अभिभावकका बाल बच्चाहरु सहर केन्द्रित सुविधा सम्पन्न विद्यालय पठाउन आर्थिक अवस्था कमजोर भएका अभिभावकका बाल बच्चा मात्र स्थानीय विद्यालयको पठनपाठन मा |

| | | | | |
|---|---|---|---|---|
| | | | | रहनु । |
| स्वास्थ्य | पहिलाको तुलनामा धेरै | धेरै | केहि सुधार भएको । | स्थानीय स्वास्थ्य संस्थामा पर्याप्त जनसक्ति नहुनु भएको जनसक्तिलाई पनि पर्याप्त प्रविधि नहुनु , प्रविधि भएर पनि स्थानिय स्थरको उपचार पद्तिमा विस्वास नहुन । र महङगा तथा सहर केन्द्रित अस्पतालमा मात्र उपचार हुन्छ भन्ने सोचको विकास हुनु । |
| कृषि | पहिलाको तुलनामा धेरै | धेरै | उत्पादनमा बृद्धि भएको | आफ्नो उत्पादित बस्तु जस्तै , कोदो , मकै, धान , गहत, सुन्तला, अण्डा, फापर, घिउ, तथा दुध जन्य परिकार को प्रयोग घट्दै गई बाहिर बाट उत्पादन भई आएको , केमिकल युक्त , जस्तै , चाउचाउ, बोइलर, कोक, फेन्टा, विस्कुट, को प्रयोग अध्याधिक बढ्दै गई स्थानीय उत्पादित बस्तुको प्रयोग सुन्य हुनु । |
| पशु | पहिलाको तुलनामा धेरै | धेरै | उत्पादन मा बृद्धि | उत्पादित बस्तु बजारी करणको अभाव जस्तै बाखा, पाठा, गोरु गाई, उचित मुल्यमा बिक्री नहुनु उत्पादित घिउ लगायतका बस्तुहरुको प्रयोगको सट्टा प्लासटिकमा प्याकिङ भएर आएका सामाग्रिको बस्तु बढ्नु । स्थानिय घाँस र स्थानिय पसु आहाराको सट्टा प्याकिङ भएर आएका महङ्गा पसु आहाराहरु को प्रयोग बढ्दै गई अल्छीपना बढ्दै जानु । |
| पुर्वाधार विकास तर्फ सडक | पहिलाको तुलनामा धेरै | धेरै | सडक विस्तार धेरै | बातावरणीय प्रभाव मुल्याङ्कन नै नगरि जतातते बाट नया ट्याक खोल्नाले भु:क्षय भई जमिनको स्वरुप बिग्रनु साथै उत्पादनमा पनि गिरावट आएको । एकिकृत बस्ती बिकास योजना नवनाई जतातते ट्याक खोल्नाले पानीका मुहानहरुमा समस्या आई पानीको अभावका कारण बसाई सराईदर बढ्दै गएको । |
| बसाई सराईलाई रोक्न के गर्नु | एकिकृत विकास बस्ती योजना ल्याउनु पर्ने | यहि पनि सम्भावना छन् भन्ने | आवश्यकता अनुसारका ओजनाहरु | वितरण मुखि बजेट भन्दा परिणाम मुखि बजेट बनाउनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| पर्ला | | विश्वसनियता दिलाउन सक्नु पर्ने | संचालनमा जोड दिनु पर्ने | |
| शिक्षाको सुधारका लागि | शिक्षकहरुलाई मैले गुणस्तरीय शिक्षा दिनुपर्छ भन्ने सोचको विकास गराउनु | शिक्षाक लाई राजनिति भन्दा टाडा राख्नु पर्ने | अभिभावकलाई विद्यालय प्रति चासो आवस्यक छ भन्ने सोचको विकास गराउनु पर्ने | पुर्वाधार लाई आवस्यकताको आधारमा निमार्ण गर्नु पर्ने ।<br>विद्याथीलाई अनुसाशित बनाउनु पर्ने । |
| | | | | |

- ❖ नगदे बालि सुन्तलामा देखिएको रोग पहिचान गरी दिर्घकालिन समाधान खोज्नु पर्ने ।
- ❖ बैकल्पीक नगदेबाली माटो परिक्षण गरी माटो सुहाउदो जातका नगदेवालीको खोजी गर्नुपर्ने ।
- ❖ गाउँपालिका भित्र कुनै ठाउमा पनि कालोपत्रे नभएकोले मुख्य सडकलाई पालोपत्रे गर्न अग्रसर भई उत्पादित कृषि उपजको बिक्रिवितरणमा सहज पुऱ्याउनु पर्ने ।
- ❖ लिचि तथा आँप उत्पादन बृद्धि गरी आय आर्जनमा बृद्धि गर्नुपर्ने ।
- ❖ सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तरमा सुधार ल्याउन अङ्ग्रेजी माध्यममा पठनपाठनको सुरुवात गर्नुपर्ने ।
- ❖ गाउँपालिकाले सम्पूर्ण वडा संग पञ्जीकरण र राजश्व सङ्कलनको लागि इन्टरनेटको पहुच पुऱ्याउनु पर्ने
- ❖ कुनै पनि योजना सञ्चालन गर्नु अघि **डि.पि.आर** तयार गरी योजना संचालन गर्नुपर्ने
- ❖ एकिकृत वस्ती नमुना कार्यक्रम ल्याउनु पर्ने ।
- ❖ गाउँपालिकाले सम्पन्न गरेका कामको जानकारी गाउँबासीले तत्काल पाउन सक्ने गरी वेभसाईड मार्फत सार्बजनिक गर्नुपर्ने तथा कार्यालयको अभिलेखमा व्यबस्थित गर्नुपर्ने ।
- ❖ सेवासुविधा प्रवाहमा तदरुकता अपनाई सहज, पारदर्शिता र जवाफदेहि पूर्ण गराउनु अत्यावश्यक भएको ।
- ❖ गाउँपालिकाको स्वामित्वमा रहि उपयोगमा आउन नसकेको जग्गाहरु व्यबस्थित गर्नुपर्ने तथा भौतिक पूर्वाधार सम्पत्तीहरुलाई प्रयोगमा ल्याउन कदम चाल्नुपर्ने देखिन्छ ।
- ❖ खुल्ला दिशामुक्त गाउँपालिका घोषणा भई सकेकोले पूर्ण सरसफाई गाउँ घोषणाका कार्यक्रम संचालन गर्नुपर्ने ।
- ❖ पर्यटनमुलक ब्यवसाय गर्न सहयोग पुग्ने सीपमुलक तालिममा जोड दिईनुपर्ने ।

- ❖ दरवन्दी अनुसारको कर्मचारीको व्यवस्था र उनिहरुलाई समय सापेक्ष क्षमता अभिवृद्धि गराउनु पर्ने ।
- ❖ बालश्रम तथा बाल विवाहमा न्यूनिकरण गर्न सवै विद्यालयहरु, वडाहरुमा बाल क्लब गठन गरी गाउँस्तरीय संजाल बनाई समुदाय स्तरमा सचेतना अभियान संचालन गर्नु पर्नेछ ।
- ❖ विद्यालयहरुमा विभिन्न सिर्जनात्मक क्रियाकलाप संचालन, अनुगमन र सहजिकरणको माध्यमबाट शैक्षिक वातावरणमा सुधार गरी कक्षा छोडने, दोहोऱ्याउने दर न्यूनीकरण गरी उत्तिर्ण दर बढाउनु पर्नेछ ।
- ❖ गाउँपालिकामा यथेष्ट जनशक्ति र नविनतम प्रविधिको प्रयोग बढाउन जरुरी देखिन्छ । यसबाट स्थानीय नागरिकहरुलाई सेवा सुविधा प्रवाहमा सहजता आउनेछ ।
- ❖ महिला, दलित जनजाति एव बिपन्न पिछडिएका वर्गका लागि सामाजिक, आर्थिक र शैक्षिक विकासका लागि आधुनिक कृषि तथा पशुपालन व्यवसायलाई बढवा दिदै स्वरोजगारमुलक कार्यक्रमहरुको पहिचान गरी कार्यन्वयनमा ल्याउनु पर्ने ।
- ❖ गाउँको फोहरमैलालाई घर घरबाटै वर्गिकरणको माध्यमबाट न्यूनिकरण गरि फोहरबाट मोहरको अवधारणलाई विकास गरि फोहर विर्सजन कार्यमा न्यूनीकरण गर्नुपर्ने ।
- ❖ गाउँ क्षेत्रको दिर्घकालिन विकासको लागि एकीकृत गाउँ विकास योजना निर्माण, विभिन्न बिनियमावली, कार्यविधि, निर्देशिका तयार गरी गाउँ सुशासनमा सुधार ल्याउनु पर्नेछ ।
- ❖ पर्यटनको अधिक सम्भावना रहेकोले गाउँ पर्यटकीय क्षेत्रको पहिचान सहित गाउँ पर्यटन गुरुयोजना निर्माण गर्नुपर्ने ।
- ❖ गाउँ क्षेत्रमा खोलीएका नयाँ सडकहरुको लगत कायम गरी नेपाल सरकारको नाममा ल्याउनु पर्ने ।
- ❖ राष्ट्रिय भवन निर्माण सहिंता कडाईका साथ लागू गर्नुपर्ने ।
- ❖ खेल मैदानहरुको पहिचान र विकास गर्ने ।
- ❖ बस पार्कका लागि जमिनको प्रबन्ध र लगानी सुनिश्चीत गर्ने ।
- ❖ सडकको क्षेत्राधिकारलाई बचाउन जैविक घेराबेरा वा जीविको पार्जन सँग जोड्ने ।

## निष्कर्ष

सामाजिक परीक्षण एक प्रकारको सामाजिक उत्तरदायित्वको लेखाजोखा गर्ने पद्धति भएकाले सहिदभूमिगाउँपालिका धनकुटाले पहिलो पटक यो कार्यक्रम संचालन गरेको हो । यसको लागि विभिन्न संघ, संस्थाहरु छनौट गरी विश्लेषण गरीएको थियो । विश्लेषणबाट कार्यालयको समग्र सामाजिक उत्तरदायित्वको अवस्था मिश्रित पाईयो । केही आश लाग्दा उपलब्धिहरु हासिल भएको पाईयो भने केही कमीकमजोरीहरु पनि यस परीक्षणको क्रममा देखिए । पूर्वाधार विकासवाट प्राप्त विकासका अवसरहरुलाई आम नागरीकहरुको प्रत्यक्ष संलग्नतामा सामाजिक विकासलाई अघि वढाउन सफल भएको पाईन्छ । स्थानीय तह संचालन ऐन र आर्थिक नियमावलीलाई पूर्ण रूपमा पालना गर्दै स्थानीय

विकासमा सहिदभूमिगाउँपालिकाले उल्लेखनीय कार्यहरूको सुरु गर्दै आएको छ। सामान्यतया कार्यक्रम गर्नका लागि सर्वप्रथम योजनाको आवश्यकता पर्दछ। यसका लागि यस गाउँपालिकाले टोल बस्तीदेखि नै योजनाहरूको माग गर्ने, विभिन्न आवश्यक प्रकृयाहरू पूरा गरी योजना तथा कार्यक्रमलाई गाउँ परिषदबाट पारित गरेपछि मात्र कार्यक्रमहरू संचालन गर्ने गरेको पाईएको छ। त्यस्ता कार्यक्रमहरू नियम संगत ढंगमा योजना निर्माण गरी योजनाअनुरूप नै संचालन गरिएका देखिन्छन् । सहिदभूमिगाउँपालिकाको नेतृत्वमा गाउँपालिकामा विकासको क्षेत्रमा काम गर्ने स्थानीय तहहरु, विभिन्न सरकारी, गैर सरकारी तथा नीजि संस्थाहरुले गर्ने कामहरुलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने तहहरुको वीचमा समन्वय भई दोहोरोपनलाई न्युनीकरण गर्न सहयोग पुगेको देखिन्छ।

यस अध्ययनबाट गाउँपालिकाले आफ्नो सेवा लाई अझै चुस्त, दुरुस्त पार्नुपर्ने देखिएको छ । गाउँपालिकाले प्राथमिकतामा राखेको सुरक्षित पिउने पानी वर्तमानको न्यून बजेट, पानीका स्रोतको अभाव र विद्युतिय सुशासन कार्यक्रम प्रभावकारी बन्न सकेको देखिएन। विद्युत आपूर्ति ज्यादै नै न्यून हुनु पनि भौगोलिक बिकटता` प्रमुख कारक भएको हुनसक्छ।

यस सहिदभूमिगाउँपालिकामा विभिन्न कार्यक्रमका लागि समयमा उपभोक्ता समिति निर्माण हुन नसक्नु साथै झन्झटीलो कानुनि प्रकृयाले र भौगोलिक विकटताको कारणले परियोजनाहरु ढिलो सम्पन्न गरेको देखियो । त्यस्तै सहिदभूमिगाउँपालिका विषयगत कार्यालयहरुले तथ्यांक र सूचना अभिलेखिकरणमा एकरुपता आउन सके मात्र विकासको सुचकहरुलाई बढी परिष्कृत गर्न सकिन्छ। यसकालागि स्थानीय तह लगायत सबै विषयगत कार्यालयहरु तथा गैससहरुले अनुगमन प्रणालीलाई कार्यान्वयनमा लैजान तिव्रता दिन सिफासि गरिन्छ।

सामाजिक परीक्षणको क्रममा सुझाईएका विषयहरुलाई गम्भीरतापूर्वक लिई आगामी दिनमा कमी कमजोरी सकभर नदेखिने गरी विपन्न वर्ग, दलित वर्ग, जनजाती, महिला, वालवालिका तथा पिछडिएका वर्ग, अपांग, जेष्ठ नागरिकको उत्थानमा गम्भीर प्रयास गर्नु आवश्यक रहेको छ।

**सन्दर्भ पुस्तकहरु :**


- नेपालको संविधान, २०७२
- चौधौ आवधिक योजना
- स्थानीय स्वायत्त शासन ऐन, २०५५
- स्थानीय स्वायत्त शासन नियमावली, २०५६
- स्थानीय तह सामाजिक परीक्षण कार्यविधि, २०६७
- स्थानीय तह स्रोत परीचालन कार्यविधि, २०६९

- गाउँपार्श्व चित्र सहिदभूमि गाउँपालिका धनकुटा
- आर्थिक बर्ष २०७४।७५ मा सम्पन्न गरेका केही योजनाहरुको अनुगमन ।
- विगतका गाउँपरिषदले गरेका निर्णयहरु ।
- सहिदभूमि गाउँपालिकाको बाार्षिक समिक्षा प्रतिवेदन, २०७५
- सहिदभूमिगाउँपालिकामा लागू गरिएका विनियमावली, विभिन्न कार्यविधि, निर्देशिकाहरु ।
- सहिदभूमिगाउँपालिकाको आर्थिक बर्ष २०७४/७५ को यथार्थ आय व्यय योजना तथा कार्यक्रम र बजेटगत संक्षिप्त विवरण,
- सहिदभूमि गाउँपालिकाको सार्बजनिक सुनुवाईको प्रतिवेदन ।
- सहिदभूमि गाउँपालिकाको आवधिक योजना ।
- अवलोकन र समूह छलफलबाट प्राप्त विबरण ।
- सहिदभूमि गाउँपालिकाको नागरिक बडापत्र ।
- सहिदभूमि गाउँपालिकाको वेबसाईट ।
- औपचारीक तथा अनौपचारीक बार्ताहरु ।
- दिग्गज बर्गहरुले दिएका सुझाव तथा सल्लाहहरु ।

| **१. निर्वाचित जनप्रतिनिधिको नाम :** | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **पदाधिकारीको नाम,थर** | **पद** | **फोन नं.** | **कैफियत** |
| १. | श्री मनोज राई | अध्यक्ष | ९८४२०८०७०८/९८०७३८०८०८ | |
| २. | श्री रत्नेश्वरी राई | उपाध्यक्ष | ९८०७०४००१० | |
| ३. | श्री अशोक राई | वडाध्यक्ष | ९८५२०६२००२/९८००९४५१८० | |
| ४. | श्री रत्न बहादुर राई | वडाध्यक्ष | ९८१४३७७३०३ | |
| ५. | श्री योगेन्द्र प्रसाद राई | वडाध्यक्ष | ९८५२०५०५३०/९८१९३२२०७१ | |
| ६. | श्री भुपेन्द्र राई | वडाध्यक्ष | ९८५२०५००८८/९८१०४७१०११ | |
| ७. | श्री मल्सुराम राई | वडाध्यक्ष | ९८४२५२२०१०/९८११३१६११५ | |
| ८. | श्री हेम कुमार राई | वडाध्यक्ष | ९८४२०६२०७६/९८२५३३३१०० | |
| ९. | श्री बम बहादुर राई | वडाध्यक्ष | ९८१४४४५९०२ | |

| | | | | |
|---|---|---|---|---|
| **कार्यपालिका सदस्य** | | | | |
| १. | श्री कुमार बहादुर सार्की | सदस्य | ९८२४३७९७६९ | |
| २. | श्री बंगला कुमारी राई | सदस्य | ९८४२२२०८७७ | |
| ३. | श्री सरस्वती कार्की थापा | सदस्य | ९८४२३४७२०२/९८००९६६२०९ | |
| ४. | श्री अप्सरा शाहशंकर | सदस्य | ९८०६००९४१९ | |
| ५. | श्री रेखा राई | सदस्य | ९८०५३४५८०५ | |
| ६. | श्री दिवानी राई | सदस्य | ९८६१६१६५९५/९८१६३१६४३५ | |
| **वडा सदस्यहरु** | | | | |
| १. | श्री राधिका गुरुङ (दुलाल) | सदस्य | ९८०७३५९७९० | |
| २. | श्री ऐयन कुमार राई | सदस्य | ९८११३१२३४९ | |
| ३. | श्री बलराम राई | सदस्य | ९८४२२४५८०३६ | |
| ४. | श्री सोम बहादुर मगर | सदस्य | ९८१९०८७४५४ | |
| ५. | श्री रुपालाल राई | सदस्य | ९८४२०८०७९२ | |
| ६. | श्री खुसी माया वि.क. | सदस्य | ९८१४३५६८६५ | |
| ७. | श्री सुनसरी राई | सदस्य | ९८१५९८७०४२ | |
| ८. | श्री धनमाया राई | सदस्य | ९८१०५१६५५० | |
| ९. | श्री राज बहादुर राई | सदस्य | ९८१२३३३९०९ | |
| १०. | श्री होम नाथ राई | सदस्य | ९८०७००६१६१ | |
| ११. | श्री गंजम सिंह राई | सदस्य | ९८१५३३५६१२ | |
| १२. | श्री इन्द्रमाया वि.क. | सदस्य | ९८१९३६५४५८ | |
| १३. | श्री लाल बहादुर राई | सदस्य | ९८४२११७००५ | |

| | | | | |
|---|---|---|---|---|
| १४. | श्री टिकाराम राई | सदस्य | ९८२५३१५५७८ | |
| १५. | श्री गोविन्द राई | सदस्य | ९८०४३५७३१८ | |
| १६. | श्री चन्द्रकला राई | सदस्य | ९८१५३०७२०८ | |
| १७. | श्री दिल कुमारी वि.क. | सदस्य | ९८२५५३९८६१४ | |
| १८. | श्री चन्द्र बहादुर विष्ट | सदस्य | ९८५२०५०९४६ | |
| १९. | श्री राजकुमार राई | सदस्य | ९८११३१०२६७१ | |
| २०. | श्री चमेली वि.क. | सदस्य | ९८१५३८८२२० | |
| २१. | श्री गोविन्द पौडेल | सदस्य | ९८१९०३७२५६ | |
| २२. | श्री वृतलाल राई | सदस्य | ९८१५३२४१४२ | |
| २३. | श्री फूलसरी वि.क. | सदस्य | ९८१९००११९१ | |
| २४. | श्री मधु भण्डारी | सदस्य | ९८००९२७९३९ | |

**अनुसुची २**

**सामाजिक परीक्षण कार्यक्रमका केहि झलकहरु :–**


सहिदभूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिप्ले, धनकुटा


सहिदभूमि गाउँपालिका
पिप्ले, धनकुटा


सहिदभूमि गाउँपालिका
पिप्ले, धनकुटा
स्वास्थ्य शाखा




कपिल देव यादव




माथि
अभियान




Quality
REGISTER
































PREMIUM














विद्यालय क्षेत्र
गति सिमित
धुम्रपान निषेधित क्षेत्र


श्री छिन्ताङ देवी माताले हामी सबैको रक्षा गरुन
प्रो. रिसाल वलिङ्ग राई
जस माया एवाईमा
छिन्ताङ-१ डाँडागाउँ



